सरकारले निराशालाई आशामा बदल्नुपर्छ : महासचिव पोखरेल | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक ९० • २०८१ साल भाद्र ०१ गते शनिबार (17 August, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## ठूलो परिमाणमा गाँजा र चरेश बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साबाट भारी परिमाणमा लागुऔषधसहित एकजनालाई प्रहरीले सार्वजनिक गरेको छ।

४८९ केजी लागुऔषध गाँजा र चरेशसहित पटेर्वासुगौली गाउँपालिकाबाट पक्राउ परेका एक जनालाई पर्सा प्रहरीले सार्वजनिक गरेको छ।



जिल्ला प्रहरी कार्यालय पर्साले शुक्रबार पत्रकार सम्मेलन गरी पक्राउ परेका कालिकामाई गाउँपालिका वडा नम्बर १ स्थित मुडलीका ४० वर्षीय फुलसरिफ मिँयालाई सार्वजनिक गरेको छ।

पर्सा प्रहरीका उपरीक्षक कुमोध ढुंगेलले प्रहरी कार्यालयबाट खटिएको विशेष टोलीले विभिन्न किसिमको लागुऔषधहरु ठूलो परिमाणमा खरिद बिक्री भइरहेको विशेष सूचनाको आधारमा गएराति गाउँपालिकाको वडा नम्बर ४ स्थित अकवा गाउँको बासँघारीबाट लागुऔषधसहित उनलाई पक्राउ गरेको जनाए।

उनलाई चेकजाँच गर्दा ठूलो परिमाणमा लागुऔषध बरामद भएको उनले बताए। सुरुमा उनको साथबाट ३० केजी लागुऔषध गाँजा फेला परेको थियो।

उनले दिएको बयानको आधारमा बासँघारीमा खाल्डो खनी बोराभित्र लुकाएर राखेको अवस्थामा चरेश र गाँजाको धुलो अर्थात पोल्याण्डसमेत बरामद भएको प्रहरी उपरीक्षक ढुंगेल बताए।

बोराभित्रबाट थप १९२ केजी चरेश र २६७ केजी पोल्याण्डसमेत भेटिएको उनले बताए । पक्राउ परेकामाथि लागुऔषधसम्बन्धि मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भइरहेको उनले बताए।

त्यसैगरी पर्सा प्रहरीले साउन महिनादेखि हालसम्म ८ करोड ३० लाख ३० हजार २६७ रुपैयाँ बराबरको विभिन्न सामग्री अवैध तरिकाले भन्सार छली ल्याइएको समान पक्राउ गरेको छ।

सो महिनामा २६ वटा पुराना मुद्दा फछ्र्यौट गरेको, सामुदायिक प्रहरी साझेदारी अन्तर्गत १२७ वटा सचेतना मुलक कार्यक्रम गरेको, दुई हजार ६ सय ३८ वटा ट्राफिक कारबाही गरेको, एकाइस लाख १३ हजार एक रुपैयाँ ट्राफिक कारबाहीबाट राजश्व संकलन गरेको र ३० जनालाई भिनिन्न लागुऔषधसहित पक्राउ गरेको उनले बताए।

जसमा २६ जना पुरुष सहित ४ जना महिला रहेको प्रहरी उपरीक्षक ढुंगेलले बताए।

पर्सा प्रहरीले गत २५ गते वीरगंजको वडा नम्बर ६ रेल्वे रोडबाट करिव ४ करोड ४६ लाख मूल्य बराबरको ४६ कार्टुन इलोक्ट्रोनिक चुरोट (भेप) बरामद गरी राजश्व कार्यालय पथलैया बारा पठाएको थियो।

### मधेशी आरक्षण दुरुपयोग

## मधेशी समुदायको स्पष्ट सर्वमान्य परिभाषा कायम नहुँदा अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशी समुदायको स्पष्ट सर्वमान्य परिभाषा कायम नहुँदा अन्योल देखिएको छ। सोका कारण सरकारले निर्धारण गरेको मधेशीको आरक्षणको कोटा दुरुपयोग हुने गरेको पाइएको छ।

मधेशी आयोगले गत आर्थिक वर्ष २०८०/०८१ को बुझाएको वार्षिक प्रतिवेदनमा सो कुराहरु उल्लेख गरिएको छ।

जसले गर्दा आायेगले मूल प्रवाहीकरण तथा सामाजिक आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न तराई दलित रहेको क्षेत्रलाई केन्द्रीकृत गर्न र तराई दलितलाई लक्षित वर्गका रूपमा छनोट गर्न सरकारलाई सुझाव दिएको छ।

सो वार्षिक प्रतिवेदन सरकारलाई बुझाउदैं मधेशी समुदाय भित्र पनि तराई दलितको अवस्था अन्य मधेशी समुदायको तुलनामा निकै पिछडिएको भन्दै सो सुझाव दिएको छ।

आयोगले मधेशका दलितको अवस्था सामाजिक आर्थिक रुपमा अन्य समुदायको तुलनामा निकै कमजोर रहेको राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको वार्षिक प्रतिवेदनमा जनाइएको छ । जसमा तराईका ब्राह्मण क्षेत्रीको प्रौढ साक्षरता दर ८० प्रतिशत रहेकोमा तराई दलितको प्रौढ साक्षरता दर २३.१ प्रतिशत मात्र रहेको प्रतिवेदमा उल्लेख छ।

गरिबीको दृष्टिकोणले हेर्दा तराईका ब्राह्मणमध्येमा १८.६१ प्रतिशत गरिबीको रेखामुनि, तराईका मध्यम जातिमध्ये २८.६९ प्रतिशत गरिबीको रेखामुनि र तराईका दलितमध्ये ३८.१६ प्रतिशत गरिबीको रेखामुनि रहेका छन्।




संघीय, प्रदेश, स्थानीय तह तथा अन्य संस्थाले कर्मचारी, पदाधिकारी नियुक्तिलगायतका कार्यमा जनसांख्यिक अनुपातलाई आधार लिइ समानुपातिक रूपमा सम्बन्धित समुदायभित्र प्रतिस्पर्धा गराई उपलब्ध गराउनुपर्ने आयोगले सरकारलाई सुझाव दिएको छ।

मधेशी समुदायको स्पष्ट सर्वमान्य परिभाषा कायम नभएको भन्दै मधेशी समुदायको आकार यकीन गर्न कार्य कठिन भएको आयोगले जनाएको छ। मधेशी समुदायको मुल बसोवास रहेको तराई-मधेश क्षेत्रमा विगत आधा शताब्दी यता जनसंख्या तीव्र रूपमा वृद्धि हुँदै गएको र अहिले यस क्षेत्रमा नेपालको अत्यधिक जनसंख्या केन्द्रिकृत भएको आयोगको भनाइ छ।

संघ तथा प्रदेश सरकारले समावेशी नीति प्रवर्द्धन गर्दै मधेशी समुदायलगायत अन्य समुदायका लागि आरक्षणको व्यवस्था गरेकाले महत्वपूर्ण सार्वजनिक क्षेत्र जस्तै- निर्वाचन, निजामती सेवा, सशस्त्र प्रहरी, प्रहरी सेवा, शिक्षक सेवा, स्वास्थ्य सेवालगायतका क्षेत्रमा मधेशी समुदायलगायत अन्य समुदायलाई पनि आरक्षणको व्यवस्था गरिएको छ।

त्यस्तै नेपालको सात वटै प्रदेश सरकारले पनि मधेशी समुदायलगायत अन्य समुदायलाई निजामती सेवामा आरक्षणको व्यवस्था गरेका र यसरी संघीय तथा प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको समावेशी नीतिले राज्यका महत्वपूर्ण निकाय तथा अंगमा मधेशीलगायत अन्य समुदायको उपस्थिति तथा सहभागिता वृद्धि गर्न महत्वपूर्ण सहयोग पुगेको आयोगले जनाएको छ । तर समग्र जनसंख्याको अनुपातमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व भइसकेको प्रतिवेदनमा जनाइएको छ।

सो प्रतिवेदन अनुसार नेपाली सेनामा मधेशी जनसंख्याको प्रतिनिधित्व हेर्दा मधेशी समुदायका कर्मचारीको हिस्सा २.९ प्रतिशत, सशस्त्र प्रहरीमा ७.९ प्रतिशत, राष्ट्रिय मानव अधिकार आयोगमा १४.८ प्रतिशत, राष्ट्रिय महिला आयोगमा ७.४ प्रतिशत, लोक सेवा आयोगमा ६ प्रतिशत, संघीय संसद् सचिवालयमा ४.५ प्रतिशत, त्रिभुवन विश्वविद्यालयमा २.१ प्रतिशत, र रेडियो नेपालमा ११.८ प्रतिशत रहेको जनाएको छ।

मधेशी समुदायका ब्राह्मण क्षेत्रीको अवस्था यस समुदायका अन्य जातिको तुलनामा सुदृढ रहेको भए पनि राजनीतिक दलमा सहभागिताका दृष्टिकोणले समग्रमा कमजोर नै रहेको देखिएको छ।

तराई मधेशका २१ जिल्लामा मधेशी समुदायको हिस्सा कुल जनसंख्याको ४० प्रतिशत रहेको, भित्री मधेशका चारवटा जिल्ला (उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत) मा मधेशी समुदायको हिस्सा कुल जनसंख्याको ५२ प्रतिशत रहेको उल्लेख छ।

सो प्रतिवेदनले नेपालमा मधेशी समुदायको आकार यकीन गर्न, मधेशी समुदायका भाषभाषीको संख्या यकीन गर्न, मधेशी समुदायको कला, संस्कृति, परम्पराको एकीकृत अभिलेख कायम गर्न तथा नेपालको मूल प्रवाहमा मधेशी समुदायको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गरी मूलधारमा ल्याउनका लागि राज्यले अझै पनि ठोस पहलकदमी लिनुपर्ने आवश्यकता रहेको औल्याइएको छ।







# एपेक्स म्यानेजमेन्टले संचालनमा ल्यायो बिबिएको अध्यापन



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज स्थित एपेक्स म्यानेजमेन्ट कलेजले यस शैक्षीक बर्षदेखि बि.बि.ए. (ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेशन) को अध्यन अध्यापन सुरु गरेको छ । झण्डै एक दशकदेखि सञ्चालित वीरगञ्ज कलेजको भ्रातृसंस्थाको रुपमा रहेको एपेक्स म्यानेजमेन्ट कलेजले यसबर्ष देखि बि.बि.ए.को पठनपाठन सुरु गरेको छ ।

सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सो कलेजले यही शैक्षिक सत्रदेखि बि.बि.ए. कार्यक्रम सुरु गरेको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । वीरगञ्जको होटल भिस्वामा आयोजित पत्रकार सम्मेलनमा सञ्चालक समिति अध्यक्ष डा. दीपेन्द्र कुमार चौधरीले यसबर्ष बिबिएको अध्यापन सुरु गरिएको जानकारी गराउनु भयो । उनले सीपसहितको गुणस्तरीय शिक्षा दिएर दक्ष जनशक्ति उत्पादन गर्ने उदेश्यले बि.बि.ए.कोर्ष सुरु गरिएको दाबी गरे ।

सो पत्रकार सम्मेलनममा अध्यक्ष चौधरीले बि.बि.ए. कार्यक्रम अर्थात ८ सेमेस्टरका लागि कलेजले कुल ४ लाख ५० हजार हजार रुपैयाँ शुल्क निर्धारण गरेको जानकारी गराए । उनको अनुसार, प्रथम सेमेस्टरमा विद्यार्थीलाई निःशूल्क ल्याप्टप दिनुका साथै विभिन्न किसिमका सीपमुलक तालिम, सेमिनार एंव शैक्षिक भ्रमणको व्यवस्था कलेजको योजना रहेको छ ।

सुदूरपश्चिम विश्वविद्यालयले एपेक्स म्यानेजमेन्ट कलेजलाई ६६ सिटको लागि सम्बन्धन दिएको जानकारी गराउँदै अध्यक्ष चौधरीले आगामी भदौ ३१ गते प्रवेश परीक्षा लिने तयारी गरिएको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोध कुमार गुप्ता, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार पटटवारी, बरिष्ठ उपाध्यक्ष हरि गौतम, जनमत पार्टी पर्साका संयोजक ओमप्रकाश सर्राफ, प्याब्सन वीरगञ्जका अध्यक्ष आलोक चौरसिया लगायतको समेत उपस्थिति रहेको थियो ।

# ट्याङकर र मोटरसाइकल ठोकिदा दुईजनाको मृत्यु



**टुडे समाचारदाता**

राजविराज । पुर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कञ्चनरुप नगरपालिका- ३ स्थित बरमझियामा शुक्रबार तेल बोकेको ट्र्याँङकर र मोटरसाईकल एकआपसमा ठोकिदा २ जनाको ज्यान गएको छ ।

सप्तरी प्रहरीका अनुसार ज्यान गुमाउने दुबै जना मोटरसाइकलमा सवार व्यक्ति हुन् । एकजनाको घट्नास्थलमै तथा अर्कोको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ ।

सो दुर्घटनामा मोटरसाइकल चालक सुनसरीको हरिनगरा गाउँपालिका- ३ स्थित गौतमपुरका ४१ वर्षीय महेश कुमार मेहताको घट्नास्थलमै तथा पछाडि सवार सोही वडाका ४० वर्षीय जय प्रकाश मेहताको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ढुण्डिराज नेउपानेले जानकरी दिए ।

पश्चिमबाट पुर्व तर्फ जादै गरेको नेपाल आयल निगमको को १ ख प्रदेश १-०२०४७ प १२८० नम्बरको मोटर साईकल विहान १२ बजे तिर एकआपसमा ठोकिएर सो दुर्घटना भएको प्रहरीको भनाइ छ ।

दुर्घटनामा ट्र्यांकर चालक सिरहाको कर्जन्हा नगरपालिका- ३ का मिथिलेश यादव घाइते भएका छन् । उनको स्थानीय धर्मेश्वर अस्पतालमा उपचार भइरहेको तथा दुर्घटनाबारे आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।

# नाइट्रोभेट ट्याबलेटसहित पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबासबाट प्रहरीले प्रतिबन्धित लागूऔषध नाइट्रोभेट ट्याबलेटसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

शुक्रबार बिहान बर्दिबास नगरपालिका- ३ स्थित पाटुमा चेकजाँच गरिरहेको समयमा नाइट्रोभेट तथा कोरेक्ससहित भक्तपुर चाँगुनारायण- १ स्थित दुवाकोटका किसन श्रेष्ठ र विकास वाईवालाई पक्राउ गरेको छ ।



प्रहरीले बागमती प्रदेश ०२-०२५प६४६७ नम्बरको मोटरसाइकल चढेर बर्दिबासबाट काठमाण्डु तर्फ गइरहेको दुवै जनालाई चेकजाँच झोलाभित्र कपडा र टेपले बेरी राखेको नाइट्रोभेट-१० लेखिएको १४७३ पिस टयाबलेट, कोरेक्स एक बोतलसहित दुवैलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका निमित्त सूचना अधिकारीसमेत रहेका प्रहरी निरीक्षक धर्मराज मुडभरीले जानकारी दिए । उनले इलाका प्रहरी कार्यालय बर्दिबासबाट ट्राफिक प्रहरीसहितको संयुक्त चेकिङ्गको क्रममा दुवैलाई पक्राउ गरिएको र आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमा राखिएको बताए ।

# बजाजको अर्को सर्भिस सेन्टर जनकपुरधाममा

**टुडे समाचारदाता**

जनकपुरधाम । ओम औटो मोबाइलले बजाजको अर्को सर्भिस सेन्टर जनकपुरधाममा संचालनमा ल्याएको छ । बजाजको सर्भिस र स्पेयर्स पार्टस् जनकपुरधामसहित आसपासको क्षेत्रमा उपलब्ध गराउने उद्देश्यले सर्भिसिङ सेन्टर सञ्चालनमा ल्याइएको ओम औटो मोबाइलका संचालक संतोष साहले जानकारी दिए ।



सर्भिसिङमा अनुभव भएका दक्ष प्राविधिकहरूबाट सर्भिसिङ गराइने उनले बताए । नयाँ सर्भिसिङ सेन्टरले ग्राहकहरूलाई बाइकको स्पेयर्स पार्टस् तथा एसेसरिज खरिदका लागि सहज बनाउने उनको भनाई थियो ।

सर्भिस सेन्टरको उदघाटन हंसराज हुलासचन्द एन्ड कम्पनीका निर्देशक अभिमन्यु गोल्छा, मधेसका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा, जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ लगायतले गरेका थिए ।

# जलवायु क्षेत्रका ५० अभियान्ताका पाँच प्रतिबद्धता

काठमाण्डु । वातावरणीय न्यायमा काम गर्ने ५० जना अभियान्ताहरुले जलवायु परिवर्तनको जोखिम कम गर्दै र चाडपर्वलाई वातावरणमैत्री बनाउन देशव्यापी अभियान सुरु गर्ने घोषणा गरेका छन् । उनीहरुले शुक्रबार काठमाडौँ आयोजित एक कार्यक्रमकाबीच कार्बन उत्सर्जन घटाउने विभिन्न पाँच बुँदामा सामुहिक प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका हुन् । त्यसमा फोहोर घटाउने, प्लास्टिकको प्रयोग कम गर्ने, सामानको पुनःपयोग गर्ने, वातावरण जोगाउन जनचेतना लगाउनेलगायत छन् ।



वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा काम गर्दै आएको साथसाथै फाउण्डेशनले वन तथा वातावरण मन्त्रालयको सहकार्यमा आयोजना गरेको कार्यक्रममा नयाँ अभियानको थालनी गरिएको हो ।

साथसाथैका अध्यक्ष प्रजिता कार्कीले तीजलगायतका चाडपर्वलाई वातावरणमैत्री र हरियाली बनाउन संस्थाको कार्यक्रम केन्द्रित हुने जानकारी दिनुभयो । “हरित तीजका लागि महिलाले परिवर्तनको नेतृत्व गरिरहेका छन्”, उहाँले भन्नुभयो,“ साथसाथैले नजिकिएको तीज पर्वलाई लक्षित गरी वातावरणीय पक्ष ख्याल गर्दै ‘ ग्रीन, वुमन लिडिङ द चेन्ज’ कार्यक्रम सुरु गरेको हो ।”पचास जना अभियन्ताहरुमा भूमिका श्रेष्ठ, रेखा थापा, सुनिता बराल, बिना लामा, प्रदा कार्की, श्रद्धा श्रेष्ठ, निमा ग्याल्जेन शेर्पा, मित्र जिरेल, रेणुदेवी साह, सुजनकुमारी बर्देवा, रोजिना प्रधान राई, सृच्छा प्रधान, लिवर्टी भण्डारी, रिना चौधरी, अस्मिता बादे, गौरा नेपाली, स्मृति शर्मा, देविका राई रहनुभएको छ ।

त्यस्तै कृष्णा कार्की, सीता मिजार, उमा प्रधान, जोनी मैनाली, बिमला तुम्खेवा, विनिता कठायत, उषाकिरण भण्डारी, अञ्जिला सुब्बा, इन्दु बर्मा, अरुणा साह,पार्वता चौधरी, रञ्जु दर्शना, रोशनी अधिकारीलगायत हुनुहुन्छ । अभियन्ताहरु राजनीति, शिक्षा, स्वास्थ्य, कानुन, खेलकुद, बैंक तथा वित्तीय संस्था, पर्यटन, कृषि, कलाकारिता, पत्रकारितालगायत क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।

साथसाथैले विगत तीन वर्षदेखि वातावरण एवं जलवायु न्यायका लागि क्रियाशील रही जलवायु परिवर्तन्को असर र त्यसका न्यूनीकरणका लागि विभिन्न प्रदेशमा पुगी रचनात्मक काम गर्दै आइरहेको छ ।संस्थाले वर्षभरी नै विभिन्न सांस्कृतिक पर्वलाई वातावरणीय दृष्टिले हरितमैत्री बनाउन विभिन्न कार्यक्रमहरु तय गरेको छ । त्यसमा यस्ता पर्वलाई हरितमैत्री बनाउन सामानको पुनःप्रयोग गर्ने, प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने, चाडपर्वलाई वातावरणमैत्री बनाउनेलगायत छन् ।

अभियान घोषणा कार्यक्रममा अभिनेत्री रेखा थापाले प्रकृतिको संरक्षणका लागि जलवायु परिवर्तनको जोखिम नियन्त्रण गर्न जागरुक हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “प्रकृतिलाई बचाउनुपर्छ भनेको आमालाई बचाउनुपर्छ भन्ने भावनाका साथ अगाडि बढ्नुपर्छ । यो कार्यक्रमलाई दूरदराजमा लैजानुपर्छ ।”हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि बोलेर मात्रै नभई कार्यान्वयन तहमा जानुपर्ने खाँचो रहेको उल्लेख गर्दै आफ्नो गाउँपालिकाले प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरेको बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका निर्देशक श्रद्धा श्रेष्ठले जलवायु परिवर्तनले सबैभन्दा बढी नेपालको पर्यटन क्षेत्रमा असर परेको, हिमाली पर्यटन, पर्वतारोहण र पदयात्रामा प्रभाव पारेको भन्दै यसको जोखिम न्यूनीकरणमा सबै सक्रिय रुपमा लाग्नुपर्नेमा जोड दिनुभयो ।अधिकारकर्मी सरु श्रेष्ठ जोशीले चाडपर्वमा फजुल खर्च घटाएर पुराना कपडाको पुनःप्रयोगलाई प्रोत्साहन गर्दै त्यसलाई वातावरणमैत्री बनाइनुपर्ने बताउनुभयो ।

अभियन्ता भूमिका श्रेष्ठले चाडपर्वलाई तडकभडक नभई क्षमता अनुसार मनाइनुपर्ने बताउनुभयो । जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई पनि सहभागी गराइएकोमा खुशी व्यक्त गर्नुभयो । अभियन्ता सविना काफ्लेले वातावरणलाई ख्याल राखेर चाडपर्व मनाईनुपर्ने धारणा राख्नुभयो ।अभियन्ता यमुना घले र कृष्णा कार्कीले जलवायु र वातावरणमैत्री अभियानलाई सशक्त र प्रभावकारी बनाइनुपर्ने खाँचो औंल्याउनुभयो ।रासस

# सामाजिक सञ्जालको दुरुपयोगले बैंकिङ प्रणालीमा असर पुऱ्यायो : गभर्नर अधिकारी

काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कतिपय व्यक्तिले सामाजिक सञ्जालको दुरुपयोग गर्दा बैकिङ प्रणालीमा असर हुँदा त्यस्ता व्यक्तिहरुमाथि कानुनी कारबाहीको व्यवस्था राख्नुपर्ने बताउनुभएको छ ।

आज सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थ समितिमा बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि भएको छलफलमा उहाँले ऐनमा नै त्यस्ता व्यक्तिले कसुर गरेको ठहर्ने गरी व्यवस्था राख्न जरुरी रहेको औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “एकजना व्यक्तिका पछाडि लाखौँ फलोअर्स छन् । त्यो व्यक्तिले यो बैंक डुब्दै छ, यो बैंक सुरक्षित छ, जस्ता कुरा गरेर बैंकको पैसा नतिरौँ मिनाहा गरिदिन्छु भनेर आह्वान गर्ने र उसका १० हजार फलोअर्सले मात्रै केही समय पैसा तिरिदिएनन् वा बैंकमा लाइन लागे भने बैंकिङ प्रणाली नै कोल्याप्स हुने अवस्था रहेको छ ।”

उहाँले सहकारी मात्रै नभइ यस्तै अवस्था रहने हो र उनीहरुले छुट पाइरहने हो भने कुनै पनि बैंक समस्यामा पर्न सक्नेतर्फ समितिको ध्यानाकर्षण गराउनुभयो । सोसल मिडियाको दुरुपयोगका कारण यो क्रियाकलाप बढ्दो रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “यसैले कोही व्यक्तिले त्यसरी बैंकप्रति दुस्प्रचार गर्छ । बैंकको मान्यताभन्दा बाहिर गएर उसले काम गर्छ भने त्यो कसुरजन्य काम स्थापित गरिनुपर्छ ।”

उहाँले उदाहरण दिँदै अहिले नेपालको बैंकिङ प्रणालीमा त्यस्तै समस्या परिरहेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, “केही व्यक्तिले यस्तै काम गरिदिँदा गत एक/डेढ वर्षदेखि एक त रिकभरी समस्या भइरहेको छ, कसैले २० लाखसम्म नतिरे हुन्छ भनिरहेका छन्, कसैले पाँच लाख नतिरे हुन्छ भनेर नेतृत्व गरेर हिँडिरहेका छन् । उनीहरुलाई हामीले केही गर्न सक्दैनौँ किनकी हाम्रो वातावरण यस्तै छ । अर्कोतर्फ तिरेनौँ भने हामीले थप लोन किन दिने फेरि फस्ला भनेर बैंकक डराइरहेका छन् । यसबारे गम्भिर रुपमा समितिमा छलफल हुन जरुरी छ ।”

उहाँले बैंकिङ प्रणाली फेल भयो भने एउटा बैंक मात्रै नभइ समग्र प्रणालीमा असर गर्ने हुँदा त्यस्ता प्रचारप्रसार माथि कसुर तोकिनुपर्ने सुझाव दिनुभयो ।

उहाँले चेक अनादरले पब्लिकको डिपोजिटलाई दुरुपयोग हुने वित्तीय दायित्वलाई खलल पार्ने र समग्र आर्थिक प्रणालीलाई नै असर पार्ने हुँदा यसलाई कसुर मानिनुपर्छ भनेर यो ऐन २०६४ सालमा सुरु भएको जानकारी दिँदै अब चेक अनादर आफैँमा लेनदेन र देवानीको विषय हो वा सरकारबादी फौजदारी विषय हो भनेर समितिमा गीम्भर छलफल गर्न जरुरी रहेको सुझाव दिनुभयो ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको सेन्टर इन्जिनियरीङ्ग कलेज देखि दक्षिणपट्टीको Parking बाट मिति २०८१/३/१६ गते म.प्र. ०२-००७ प ३३२३ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCMJ32747 चेचिस नम्बर MD2A13EX2MCJ98667 को बजाज कम्पनीको Pulser 220cc F ABS मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः दिपेन्द्र यादव**

**ठेगानाः सबैला न.पा.-१, धनुषा**

**मो. नं. ९८९८०९३५८४०२**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जको घण्टाघरचोकमा यात्रुको प्रतिक्षामा बसेका रिक्साचालक । पछिल्लो समय रिक्सा चढ्ने यात्रु घटेपछि यहाँ रिक्सा चलाउनेले दैनिक मुस्किलले रु ५०० कमाई गर्ने भएकाले आफ्नो घरपरिवारको गुजारा चलाउन पनि गाह्रो भइरहेको उनीहरुको भनाइ छ। *तस्बिरः रासस*

# परराष्ट्रमन्त्री डा राणाको भ्रमण स्वीकृत



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणाले आगामी भदौ २ गतेदेखि ६ गतेसम्म छिमेकी मित्रराष्ट्र भारतको भ्रमण गर्नुहुने भएको छ । नयाँ सरकार गठन भएपछि परराष्ट्रमन्त्रीको तर्फबाट हुन लागेको यो पहिलो भ्रमण हो ।

परराष्ट्रमन्त्री राणा नेतृत्वको प्रतिनिधिमण्डलको भारत भ्रमणसम्बन्धी कार्यक्रमलाई सरकारले स्वीकृत गरिसकेको छ । मन्त्रिपरिषद्को यही साउन ३१ गतको बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पुथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो ।यस्तै, सरकारले विश्व बैंक समुहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट एक सय ५० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण लिने भएको छ । उक्त ऋण स्वीकार गर्नेसम्बन्धी वित्तीय सम्झौता र कार्यक्रम दस्तावेजलाई अन्तिम रुप दिन अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्न स्वीकृती प्रदान गरिएको छ।

सञ्चार मन्त्रालयमा आज आयोजित नियमित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार ललितपुर महानगरपालिकालाई रुसी महासङ्घको उलान उदेनगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्व स्वीकृति प्रदान गरिएको छ ।यस्तै, आर्थिक वर्ष २०७९/८० र आव २०८०/८१ मा लगातार दुई वर्षसम्म वार्षिक एक सय नेपालीलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजत चालु आवका लागि नवीकरण गर्न बाधा अड्काउ फुकाउने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयमा कार्यरत माहुत प्रेमलाल बछार चौधरी पक्षघात भई कामकाज गर्न असमर्थ भएकाले सेवा अवधि थप गरी अवकाश दिइएको छ। निजामति सेवा ऐन, २०४९ अनुसार, चौधरीको ६ वर्ष चार महिना सात दिन समयावधि थप गरी अवकाश दिइएको छ। अवकाश मिति भने २०८० पुस ५ गतेदेखि लागू हुने गरी निर्णय भएको मन्त्री गुरुङले जानकारी दिनुभयो।

**भ्रमण स्वीकृत**

मन्त्रिपरिषद्ले उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल नेतृत्वको प्रतिनिधिमण्डललाई उज्वेकिस्तानको समरखण्डमा आयोजना हुने एशियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको ९औं वार्षिक बैठकमा सहभागी हुन स्वीकृति प्रदान गरेको छ । सो बैठक आगामी असोज ९ र १० गते आयोजना गरिएको छ।

लोक सेवा आयोगको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रममा सहभागी हुन लोक सेवा आयोगका पदाधिकारीलाई स्वीकृति प्रदान गरिएको छ । सो कार्यक्रम आगामी असोज ५ देखि १५ गतेसम्म बेलायतमा आयोजना गरिएको छ । यस्तै आगामी भदौ ५ देखि ९ गतेसम्म भारतमा आयोजना हुने आठौं अन्तर्राष्ट्रिय 'धर्मा धर्मा कन्फरेन्स'मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई स्वीकृति दिइएको छ।

'काभा वुमन्स नेशनल भलिबल लिग २०२४' मा नेपालका तर्फबाट सहभागी खेलाडी १४ जनालाई जनही रु तीन लाखका दरले पुरस्कार वितरण गर्ने बैठकले निर्णय गरेको छ । नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङका अनुसार, भलिबलका मुख्य प्रशिक्षकलाई रु दुई लाख, व्यवस्थापकलाई रु एक लाख तथा सहायक प्रशिक्षक र फिजियोलाई जनही रु एक लाख २० हजारका दरले पुरस्कृत तथा सम्मान गर्न स्वीकृति दिइएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका विभिन्न ५९ कर्मचारीलाई विभिन्न निकायमा सरुवा तथा कामकाजका लागि खटाइएको छ ।राजश्व न्यायाधिकरण पोखराका कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत पोखराका न्यायाधीश सुदर्शनराज पाण्डेलाई तोकिएको छ । यस्तै, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका जिल्ला न्यायाधिवक्ता श्रीराम खनाललाई नेपाल कानुन व्यवसायी परिषद्को सचिवमा खटाइएको छ ।रासस

# अध्यक्ष दाहालसँग बेलायतको राजदूत फेनको भेट



काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपालका लागि संयुक्त अधिराज्य बेलायतका राजदूत रोब फेनले भेट गर्नुभएको छ । ललितपुरको खुमलटारस्थित निवासमा शुक्रबार भएको भेटमा अध्यक्ष दाहालले नेपालको प्रतिनिधिसभाले पीडितमैत्री न्यायमा जोड दिँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गरेको जानकारी गराउँदै पीडितमैत्री न्याय र सम्मानका लागि आवश्यक सहयोगमा बेलायत सरकारको साथ रहने विश्वास व्यक्त गर्नुभयो ।

पूर्वप्रधानमन्त्री दाहालले आफू सरकारको नेतृत्वमा रहँदा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक अघि बढाउन पहल लिएको उल्लेख गर्दै विधेयक निष्कर्षमा पुग्दा त्यसले विश्व शान्तिका निम्तिसमेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ । उहाँले आफ्नो प्रधानमन्त्रीत्वकालमा अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गर्न विशेष पहल लिएको स्मरण गर्दै जलवायु न्यायलगायत क्षेत्रमा नेपालले नेतृत्वदायी भूमिका खेलेको बताउनुभयो । अध्यक्ष दाहालले भूतपूर्व गोर्खा सैनिकले उठाउँदै आएका सवालहरू बेलायती सरकारबाट सम्बोधन हुने विश्वाससमेत व्यक्त गर्नुभयो।

सो क्रममा राजदूत रोबले नेपालले शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्गोमा पुऱ्याउन लागेकामा खुसी व्यक्त गर्दै शान्ति प्रकियाको पूर्णताका निम्ति बेलायत सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाउनुभयो । उहाँले अध्यक्ष दाहालको बलमा शान्ति प्रक्रियाले पूर्णता पाएकामा बधाइ दिँदै नेपालका लागि आवश्यक सहयोगमा बेलायतको सधै तत्पर रहेको उल्लेख गर्नुभएको दाहालको सचिवालयले जनाएको छ।

राजदूत रोबले बेलायती नागरिकमा नेपाली उत्पादनप्रति रूचि बढेको जनाउँदै पारस्परिक सहयोग र व्यापारमा समेत साझेदारी बढाउन सकिने बताउनुभयो। उहाँले तत्कालीन प्रधानमन्त्री दाहालको कार्यकालमा लगानीअनुकूल कानुन संशोधन र लगानी सम्मेलन सम्पन्न भएकामा खुसी व्यक्त गर्दै नेपालमा वैदेशिक लगानी भित्र्याउन आफ्नो योगदान रहने छ भन्नुभयो ।रासस

# मिथिलामा गुञ्जदै झुला गीत

महोत्तरी। मधेसको मिथिलाक्षेत्र अहिले भक्तिमा डुबेको छ । शिव आराधनाको साउन र साउन शुक्लपक्षका पछिल्ला १३ दिन मनाइने झुला उत्सवले मिथिला अहिले भक्तिमय बनेको हो । अहिले मिथिला क्षेत्रका मठमन्दिर झुलनोत्सवका गीतले गुञ्जित छन्।

साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने झुलाउत्सवमा सीता र राम एवं राधा र कृष्णका प्रतिमा झकिझकाउ झुला (डोली वा झोलुङ्गा, कोक्रो) मा राखेर झुलाइन्छ । झुला पर्वमा गाइने झुला, मलार र कजरी लयका गीत भक्तिरसले भरिएका हुन्छन् । कुनैमा राधाकृष्णको र कुनैमा रामसीताका प्रसङ्ग हुन्छन् । सबै गीतमा झुलाकै वर्णन हुन्छ।

*'झुला झुले जनकदुलारी,*
*झुले सुकुमारी ना....!' यी पङ्तिमा सीताजी झुला झुलेको वर्णन छ ।*
*यसैगरी यस पर्वमा कैयन गीत र भजन गाइन्छन् ।*
*'झुला झुले अवधविहारी लाल,*
*सँगमे सुकुमारी झुले ना..!' (श्रीराम झुला झुल्दैछन् , साथमा जानकी पनि झुल्दैछन् ) ।*

रामसीता, राधाकृष्णका प्रसङ्ग जोडिएका हुँदा यो पर्व भगवान विष्णु र देवी लक्ष्मीसँग सम्बन्धित रहेको मैथिली लोकसंस्कृतिका ज्ञाता बताउँछन् । राम कृष्ण दुबै विष्णुका र सीता, राधा लक्ष्मी स्वरुपा (अवतार) मानिने हिन्दू जनविश्वास छ। यसैले झुला पर्व विष्णुलक्ष्मी आराधना र सेवासँग सम्बन्धित रहेको मिथिला माहात्म्यका नेपाली अनुवादक जलेश्वर-५ पतैलीका बासिन्दा अवकासप्राप्त सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ ।झुला पर्वमा गाइने गीतमा अवध (अयोध्या), जनकपुरधाम र वृन्दावनका प्रसङ्ग पाइन्छन् । कृष्ण र वृन्दावन वर्णनका यी पङ्क्ति पर्वविशेषमा खुबै सुनिन्छन्।

*झुला लागल वृन्दावन ना...,*
*आयल सावन सयविसु सुहावन*
*झुला लागल वृन्दावन ना..!*
*झुला झुले कृष्णमुरारी,*
*झुला लागे कदमके डाली,*
*झुले कृष्णमुरारी ना....!'*

(वृन्दावनमा झुला लागेको छ। अत्यन्त रमणीय (सुशोभित) साउन महिनामा वृन्दावनमा झुला लागेको हो । झुलामा कृष्णमुरारी झुल्दैछन्। कदम (कदम्ब, राम्रो फूलको वृक्ष) का हाँगामा झुला (पिङ) लागेको छ। जसमा कृष्णमुरारी झुल्दैछन् ) ।

राम सीताको होस् वा राधा कृष्णको होस्, झुला पर्वको वर्णनमा उपवन (वन, बगैंचा) का आँप, कदम्ब वा यस्तै सुवासयुक्त वृक्षका हाँगामा झुला (पिङ्) झुण्ड्याइएको र त्यसमा आफ्ना प्रियतमा साथ राम, कृष्ण झुलेका गीतमा भाव समेटिएका छन् । साउनको बर्खाले जताततै हरियाली हुने बेला धान रोपाइँ सकेर बगैंचाका आँप, कदम्बलगायतका वृक्षका हाँगामा लच्कदै पिङ खेलिने मिथिला संस्कृतिसँग जोडिएको पक्ष रहेको प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ। झुला गीतमा साउनको वर्णन भने बाक्लै पाइन्छ।

*'सावनमे उपवन खिले,*
*झुला झुले नन्दकिशोर!*
*आमक डाइरमे लागल*
*हिरोला झहरय नभ घनघोर‼*

(साउनमा वनभरि फूल खिल्छन्, उपवन हराभरा हुन्छ । यसैबेला श्रीकृष्ण झुला झुल्छन् । आँपको हाँगामा मच्चिदा त्यहीबेला आकाशबाट जल वर्षा हुन्छ) आँपको हाँगा समातेर मच्चिदा पातमा जम्मा भएका बर्सात्को पानी झरेको प्रसङ्ग यहाँ कोट्याइएको छ।)

साउनको पनि पछिल्लो शुक्लपक्ष मिथिलामा मुख्य बाली धान रोपेर सकिएपछिको समय हुन्छ। यतिखेर किसान मन्दमन्द पानी परिरहोस् भन्ने कामना गर्छन् । यसैबेला धानको रोपो हरियो फेरिएर लहलहाएको दृश्यले किसान आफ्नो मेहनतप्रति मख्ख पर्छन्। प्रकृतिले जताततै सुन्दरता बिखेरेको यो बेला रमाउन नै मैथिल (मिथिलाका बासिन्दा) आफ्ना इष्टदेवदेवी राम, कृष्ण एवं सीता, राधासँग खेलेको अनुभूति सँगाल्न झुला पर्वमा रमाउने गरेका भारतका कैयौं मठमन्दिरका देवीदेवताका प्रतिमा झुला झुलाउनै ल्याइएका छन्।

झुला उत्सवका लागि छुट्टै घर निर्मित गरिएको हुन्छ, जसलाई झुलाघर भनिन्छ। अहिले प्रत्येक साँझ सीता र राम, लक्ष्मी र नारायण एवं राधा र कृष्णका प्रतिमा मन्दिरबाट झुलाघरमा ल्याई विशेष रुपले सजाइएका कोक्रामा राखेर श्रद्धालुले भक्तिगीत गाउँदै हल्लाउने (झुलाउने) गर्छन् । साउन शुक्लपक्षका पछिल्ला १३ दिन मनाइने यो उत्सवका लागि वरपरका कैयन मठमन्दिरका प्रतिमा अहिले मटिहानी ल्याइएका छन् । प्रत्येक साँझ आयोजन हुने यो उत्सवमा सर्वसाधारण सरिक हुँदै आएका छन्।

"हाम्रा परम्पराका अधिकांश पर्व आफ्नै घरमा मीठोमसिनो खाएर मनाइने छन् , तर झुला मठमन्दिरमै जम्मा भएर मनाइन्छ , यो हाम्रो विशेष पर्व हो" मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल भन्नुहुन्छ, "हामीले पर्वका लागि बर्सेनि झुलाघर रङ्गरोगन, सरसजावट र अभ्यागत (पाहुना, अतिथि) बसोबासको प्रबन्ध गर्दै आएका छौं।" पर्व अवधिभरि झुलाघरमा भगवान क्रममा गीत, कथा र लीलासन्दर्भका गाथा सुनाइन्छन् । प्रतिमा झुलाउने क्रममा भक्तिमा डुबेका श्रद्धालु कीर्तन गाउँदै नाच्छन् । पर्वभरि झुलाघरमा उत्सवमा सहभागी हुनेको भीड लाग्छ । यो पर्व मटिहानीका अतिरिक्त जनकपुरस्थित मठमन्दिरमा आयोजन हुँदै आएका छन् । झुला उत्सवमा मिथिलाको लोकलयमा झुला, मलार र कजरी गीत गाइने चलन छ।


मिथिलामा झुला उत्सव जानकी मन्दिरका आदिसन्त सुरकिशोर दासले सुरु गराएको मानिन्छ। यो १७८७ सालतिर सुरु भएको मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ। सन्त सुरकिशोर दास र वैदेही (जानकी, सीता) बीच सिधा सम्पर्क हुन्थ्यो भन्ने जनविश्वास छ । सन्त सुरकिशोरलाई वैदेहीले साउन शुक्लपक्षमा यो पर्व मनाउन भनेपछि जनकपुरमा झुला सुरु भएको बताइन्छ । यो चलन रामजन्मभूमि अयोध्या र कृष्णको बाललीला स्थान मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको डा. विमलको भनाइ छ।

मिथिलामा धानको रोपाइँ सकिनासाथ सर्वसाधारण झुला उत्सवमा रमाउने गर्छन् । यसैबेला मैथिल किशोरकिशोरी र युवायुवती बगैंचाबगैंचा डुल्दै आँप र कदम्ब (कदम) का हाँगामा मच्चिएर झुलाको आनन्द लिन्छन्। यसरी बगैंचामा वृक्षका हाँगामा मच्चिएर झुल्दै युवायुवती आआफ्ना प्रेमीप्रेमिकाको सम्झना गर्छन्।

*'छल मनोरथ आओत मास सावन यो,*
*हमर बालम किछु नई जानथी तेजी*
*गेला विदेश यो!*
*साओन हे सखी सर्व सोहाओन फुलय*
*बेलीचमेली यो,*
*ताही सौरभ भ्रम लुबधल करय मधुर*
*रस केली यो‼*

(मनमा थियो, साउन महिना आउनेछ। तर छलछाम केही नजान्ने मेरा प्रेमी अहिले मलाई छाडेर विदेश गएका छन्। साउनको बेला हे सखी बेलीचमेली फूल फुलेर सुशोभित देखिन्छ।

यी फूलको सुगन्ध युक्त बास्नाले भमरा लोभिएर फूलको मिठासयुक्त रसमा लठ्ठिदा छन् )साउन शुक्लपक्षमा विदेसिएका प्रेमीको सम्झना गर्दै मैथिल युवतीले यसरी बिरह पोख्छन्। मिथिलाको १३ दिने झुला उत्सव साउन पूर्णिमाको मध्यरातमा भगवानलाई झुलाइने कोक्राको डोरी छिनाएर समापन गरिने चलन छ।



जलेश्वरकै बखरीटोलका बासिन्दा तथा मिथिला लोकसंस्कृतिका ज्ञाता ८५ वर्षीय महेश्वर राय बताउनुहुन्छ।

मिथिलाको यो लोकसंस्कृतिसँग जोडिएको खास पर्व बनेको छ। घरघरमै यो पर्व मनाइन्न। आफ्ना बस्ती नजिकका मठमन्दिरमा सामूहिक रुपमा भगवानलाई झुला झुलाउँदै मैथिल यो अवधिभरि गीत, भजनकीर्तन र नृत्यमा रमाउँछन्।

पर्वमा नेपाल र भारतका मठमन्दिरमा सराबरी ओहोरदोहोर देखिन्छ। नेपालका भारतीय सीमा क्षेत्रका मठमा भारतीय र भारतकै सीमाक्षेत्र नजिकका बस्तीस्थित मठमन्दिरमा नेपाली भरिभराउ हुन्छन् । सीमाक्षेत्रका दुबैतर्फका भाषा, संस्कृति र समान रहनसहनसँगै बिहाबारीको बाक्लो सम्बन्धले अन्य मुलुकमा छु भन्ने कसैको सोचमै देखिदैन। अहिले पर्वका बेला मुलुककै मठहरुको नायक मानिने मटिहानीस्थित लक्ष्मीनारायण मठमा र भगवतीलाई झुलाइएपछि दैनिक आरती र भोग लगाइएको विशेष प्रसाद सबैलाई बाँड्ने गरिएको छ।

यो पर्वमा देवीदेवतालाई विशेष डोली आकारको सिंहासनमा राखेर झुलाउने मुख्य विधि हो।

खासमा बालरुप कृष्ण र रामको सम्झनामा यो पर्व परम्परा चलेको मिथिला लोकसंस्कृति तथा परम्पराका जानकार बताउँछन् । माता कौशल्या र यशोदाले राम र कृष्णलाई बालख छँदा झोलुङ्गोमा राखेर हल्लाउनु भएको प्रतीकका रुपमा यो पर्व परम्परा चलेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ । भगवानका बालरुप आनन्ददायक मानिने हुँदा श्रद्धालुले यो चलन बसालेका झाको भनाइ छ।

झुलामा प्रतिमा राखेर झुलाइने

मिथिला लोकसंस्कृतिको केन्द्र रहँदै आएको जनकपुरधाममा सीताजीको विवाहमा राजा जनकले दिएका दाइजोका सामानको थुप्रो लागेर पहाडजस्तै बनेको जनश्रुति छ । जसलाई अहिले मणिपर्वत भनिन्छ । साउन शुक्लपक्षको त्रितीयाका दिन यसै मणिपर्वतको पूजा गरेर झुला उत्सव सुरु गर्ने मैथिल परम्परा छ। भगवत सेवा र सामिप्यता यस पर्वका खास आकर्षण रहेका मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त रवीन्द्र दास वैष्णव बताउनुहुन्छ ।रासस


## श्री भरुखी माध्यमिक विद्यालय लोहारपट्टी

**लोहारपट्टी न.पा.-५, महोत्तरी (नेपाल)**

## शिक्षक आवश्यकता सम्बन्धि सूचना

प्रस्तुत विषयमा लोहारपट्टी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लोहारपट्टीको च.न. १५२ मिति २०८१/०२/३० गतेको प्राप्त सिफासिर पत्र र शिक्षा विकास तथा समन्वय इकाई जलेश्वर महोत्तरीको मिति २०८१/०४/२० को च.न. २८ को अनुमति पत्र अनुसार यस विद्यालयमा उच्च माध्यमिक शिक्षक रिक्त पदमा इच्छुक नेपाली नागरिकहरु बाट सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलका विवरण सहित दरखास्त दिनको लागि विज्ञापन प्रकाशन गरिएको छ।

**तपशिल**

| विज्ञापन नं. | नियूक्तिको किसिम | पद संख्या | तह/श्रेणी | विषय | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | करार | १ | साविक उच्च माध्यमिक शिक्षक हाल माध्यमिक शिक्षक द्बितीय | लेखा | रु १५०० |

**शैक्षिक योग्यता**: वाणिज्य मूल विषय लिई स्नातकोतर उतिर्ण गरेको वा सो सरह
**उमेर**: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अवधि**: २०८१/०४/२७ देखि २०८१/०५/२४ सम्म कार्यालय समय भित्र
**सम्पर्क मिति**: २०८१/०५/२५ गते ४ बजे
**परिक्षा मिति र स्थान**: सम्पर्क मितिको दिन तोकिने छ।
**तलब भता**: नेपाल सरकारको प्रचलित स्केल अनुसार
**अन्य जानकारीको लागि** ८९४४२९७७८०/(प्र.अ.) ९८५४०२६५९९ (अध्यक्ष)
**आवश्यक कागजातहरू**
१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**नोट**: अन्तिम दिन विदा भएमा त्यसको भोलिपल्ट आवेदन दिन सकिनेछ।
कम्प्युटर सम्बन्धि विशेष ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ।

**प्रधानध्यापक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। दिदिबहिनी त्योहार ।।

शब्द अक्षर खेलाउदा खेलाउदै ।
मनमा आयो राखीको भाव ।।

दिदिबहिनी दाजुभाइको पर्व छन ।
कत्रो हाम्रो संस्कृती महान ।।

भाइ बेहनको पर्व हो ।
रक्षाबन्धनको त्योहार ।।

सबैजना रमाइलोसङ्ग मनाउछ ।
लाग्दछ कति ठुलो आएछ बहार ।।

जन्म दिनु हे! ईश्वर ।
जब म आउ यो संसारमा ।
एउटी बहिनी दिनु ।
मालाई प्रतेक जुनीको सौगातमा ।।

झुपडी हो या महल हो ।
जीवन कष्टकर लाग्छ मलाई ।।

बिना दिदीबहिनीको संसार ।
केही नभए बहिनी दिनु ।
त्यही हो मेरो जिवनको उपहार ।।

पर्व मानाउछ धेरै जस्तो ।
भाइबहिनी दाजुमिली ।
सामाचकेवा, भरदुतिया र राखी हुन माहाजुनी
सबै तिर खुशियाली हुन्छन ।
जब आउँछ यस्ता त्योहार ।।

कार्यालय विद्यालय बन्द हुन्छन ।
मिलानसार बन्दछ यो संसार ।।

साना साना पर्वले ल्याउछ ।
ठुला ठुला खुशीको अलङ्कार ।।

हर्ष आनन्द समृद्धि बढछ ।
सदभाव सदाचार सम्बन्ध भाइचाराको हुन्छ विस्तार ।।



**लेखक :- अनित कुमार मण्डल**
**जनकपुर लोहना -१५**

## ।। कविता ।।

कसरी भुलु म, त्यो नजरलाई
घाएल बनाई, अबुझै राख्यौ
जीवन प्रेमलाई, सुम्पिन्छु भनेको
कर्णहरु लाई, बिबश पाएँ
प्रसन्न भएँ मेरा चक्षु
तिमिमा मलाई, खोज्न पाएँ
आँखा तिमी खुल्लै राख
मुदुभित्र तिमिलाई राख्न पाएँ
पवित्र बन्ला मेरा आत्मा
तिमी संग सगै हिडन पाएँ
एक पल्ट फेरि हेरि देउन
मुदुहरु लाई जोड्न पाएँ
एक पल्ट फेरि हेरि देउन
अधर हरु लाई जोड्न पाएँ



**नामः सुजित शाह**
**ठेगानाः महेन्द्रनगर धनुषा (क्षिरेश्वरनाथ)**

## 'स्व-पहिचानको यात्रा'

म जरुरतको साथी हुँ
यसरी बुझ्नुहोस म लाठी हुँ
इच्छाहरुको हत्या गरेपछि
आवश्यकताले बनाएको कैदी हुँ
नहेला गर्नु यसरी बेकार सम्झि
म पनि कसैको सपना हुँ
दिनहुँ अरुलाई रुवाएर
भनिरहे छौ म ईश्वरको पुजारी हुँ
नपार यसरी शंकाको घेरामा
म जे छु जति छु तिम्रै हुँ
नपिउनु यसरी मलाई
म खरोपनको संसार हुँ
नटुटाउनु यसरी मलाई
म वास्तविकता पहिचान हुँ



**नाम : नितेश सिंह**
**ठेगाना : रामगोपालपुर न. पा ६**

## ।। कृष्ण जन्माष्टमी ।।

राईत छलै अन्हरिया कारी
जब जन्म लेलक कृष्ण मुरारी,
खुलि गेलै तब बन्द केबारी
जब जन्म लेलक बनवारी।
धन्य भेलै वसुदेव देवकी
खुशियाँ जीवन में आईल
कंस के अंत होब के
आब त भजैतै पूरे तैयारी
खुलि गेलै सब ताला झट सँ
सुईत रहलै सब पहरे दार
कान्हा प लक फेर वसुदेव
कृष्ण जि के गोकुल गेलै चुपे चुपे
बाट मे बहुत बारिस भैलै
मेघ बिहाडि घनघोर औलै
मुदा तैयो
वासुदेव नै हिमत हारल
बाढि बर्षात कुछ नै मानल
गोकुल मे पहुचलै वासुदेव
सुतल रहै मगनमे सब
राईत छलै अन्हरिया कारी
जब जन्म लेलक कृष्ण मुरारी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। दैनिक पत्रिका ।।

दैनिक पत्रिका, खबरको सजिलो साथी,
सन्देश र समाचारको विश्वस्त माती।
सुनेर समाचारको नयाँ कथा,
तिमी ल्याउछौ हरेक बिहान नयाँ चाँया।
समाजका हलचल, राजनीति र खेल,
तिम्रो पृष्ठमा छ, जीवनको हर एक रेखा।
तिमी ल्याउछौ ज्ञान र सूचना सबैलाई,
हर रोजको घटनामा, तिमी एक सहायक भइ।
तिम्रो मुखमा छ, देश र विदेशको गाथा,
सपना र साँचोको, तिम्रो कथा।
संसारका खबरलाई, तिमीलाई थाहा,
दैनिक पत्रिका, सँगै छ, हाम्रो सवास्था।
तिमी बिना, लाग्छ संसार अन्धकार,
तर तिमीले ल्याउने खबरमा छ, प्रकाशको आकार।
सहारा र साथी, हरेक बिहानको योजना,
दैनिक पत्रिका, तिमीलाई बधाई र सम्मान।



**लेखकःबब्लु शर्मा**
**ज. उ. न. पा. ०७**

## ।। प्रेमक दुनिया ।।

प्रेम के दरिया छै डुब के लेल तयार छि ।
एक जनम के नै सातो जनमके लेल इन्तजार छि ।

बाँइध लिय अपन प्रेमक बन्धन मे,
आहा बाँध के लेल तयार छि ।।

आउ लचलैछी अपन दुनिया मे,
आहा जाइके लेल तयार छि ।।

आउ लचलैछी अपन घर,
आहा माइ के पुतौह बनके लेल तयार छि ।।

गाउँ समाज के बात नै मानु,
आउ आहा हमर हाथ थामु ।।

मैर जाइब लेकिन हाथ नै छोरब,
प्रेम कैने छि साथ नै छोरब ।।

बेचैन छै इ मन हमर आहाक पाब के लेल,
आहा हमर बनके लेल तयार छि ।।

समाज सँ दुरभेलौ आहाके लेल ।
माइ बाउ सँ दुरभेलौ आहाके लेल ।
कहु आहा अपन बनाबके लेल तयार छि ।।

आउ लचलैछी अपन प्रेमक दुनिया मे,
कि आहा हाथ थामैके लेल त्यार छि ।।



**संजय मुखिया**
**बरमझिया -१) धनुषा**
**रा.रा.ब (बि.एड फर्स्ट येयर)**

## ।। एक्लै छु ।।

यहाँ म एक्लै छु
कोही छैन साथमा
मनको गहिराईमा
आँसुहरूको बाटो फैलिएको।
कसैले बुझ्दैन यो पीडाको कथा,
सपना र यथार्थको बीचमा
म एक्लै खोइलिएको।
सपना देखेर मन मात्र ठगिएको,
सस्तो हाँसो र सुन्दरताको
साँचो सङ्गात हराएको।
तिमी बिना जीवन, सुना र एकल,
म एक्लो रहरको सन्देश, यत्रा मा हराएको।



**त्रिजेप कुमार झा (सुमन)**
**लोहारपट्टी, महोत्तरी**
**प्राविधिक छात्र**

## ।। जागौं देशका युवा ।।

जागौं देशका युवा हाम्रो मातृभुमीलाई हाम्रो आवश्यकता छ।
धेरै दुःख सहे हामी अब स्वाभिमान आफ्नो बचाउँनु छ।
खै कति घर बर्बाद भो कति बिदेश पलायन भो
कतिको टाउको बाट बुवाको छाँया हटयो
कतिको हृदय बाट आमाको ममता !
कहिले बस त्रिशुलिमा भर्दा परिवार सँग बिछोर भयो।
कहिले विमान दुर्घटनामा रिश्तेनातेदार मर्दा हृदयमा चोट भयो ।।
कहिले भुकम्पले गर्दा बेघर भयौं त कहिले कोरोनाले गर्दा बेरोजगार भयौं !
वीरहरुको देशमा यो कस्तो समस्या आएछ सुशासनको अभावले देश असुरकक्षित नै भएछ ।।
जागौं देशका युवा देशभक्तीको भावना जगाउँनु छ
धेरै दुःख सहे हामी अब परिवर्तन गरि देखाउनु छ।
कहि गरीबीले सिमा नाघदैछ त कहि भ्रष्टाचारिले
युवा शक्ति खाडि मुलुक जादै छन बेरोजगारी का कारणले
अझ सम्म न्याय पाएका छैनन् याहा पीडितले..
अझ समय छ चोरी भ्रष्टाचारि अब जरा बाट नै उखाल्नु पर्छ
अब गाँस बाश कपाशको लागि मात्र हैन मान र सम्मानको लागि लडाई लड्नु छ
बच्चा बच्चालाई देशबिकासको पाठ पढाउँनु छ ..
प्रकृति र संस्कृतिलाई जोगाउँदै विकसित र समृध राष्ट्र बनाउँनुछ..
जागौं देशका युवा हामिलाई बिश्वव्यापी पहिचान बनाउँनु छ..
जागौं देशका युवा हामिलाई बिश्वव्यापी पहिचान बनाउँनु छ।



**आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक विद्यालय**
**जनकपुरधाम-१०, रुपैठ- बेल्हि**

## ।। म तिम्रो प्रतिद्वन्दी भए ।।

सधैं मेरो मुटु भित्र प्रियतमा भएर बास गरेकी तिमी
आज आएर आफ्नो प्रतिद्वन्दी सम्भन थालेकी छ्यौ
युद्धभूमिमा वैरी नजरले हेरर मलाई , युद्ध खातिर ललकार दिँदैछ्यौ ।

तिमी सँगको प्रेमलीलामा , मैले जिते की हारे?
एकपल्ट यो प्रश्न पनि , आफैले आफूलाई गरे
परन्तु यो युद्धभूमिमा तिमी सँग अवश्य नै म हार्ने छु
फेरि तिम्रो डरले भागिरहने कायर होइन ।

ति आँखाहरूले मेरा लागि सदैव सपना सजाउँथ्यो
त्यो मुटु पनि मेरो चित्र कोरेर , मेरै नामले धड्कन्थ्यो
अनि कसरी त्यसलाई आफ्नो वानले भेदन सक्छु र
जसको खुसीको खातिर पीडा सहन्थे
उसलाई कसरी पीडा दिन सक्छु र , यो मन मान्दैन
तिमी त्यो युद्धभूमिमा युद्ध गर्छ्यौ ,मेरो प्रतिद्वन्दी भएर
तर तिमी आफूबाट अवश्य नै हारेको मलाई देख्ने छ्यौ
त्यो सुन्दरता , कोमलता र प्रेमको डोरीले
मलाई आफू तिर तानेको छ ।

जब तिम्रो वानले मेरो छातीमा भेदेर, निस्किएको सारा रगतहरू
एकदिन मायाको चिनो बनेर अमर रहने छ
जति पटक तिमी संग युद्ध गर्न मौसम आउँदा
प्रेमिकाबाट पाएको मायाको सुन्दर अनुभूति हुने छ
चर्चित योधा बनेर वीर कहलाउने , त्यो मेरो जीवनको गन्तव्य नै होइन
यो जुनि भरीमा बाँच्छु ,
म तिम्रो सर्वश्रेष्ठ प्रतिद्वन्दी भएर ।।



**नाम : नरेन्द्र नाथ साह**
**ठेगाना : औरही गा. पा. - ०३ , कपटौल**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर (बाणिज्य संकाय बिद्यार्थी)**

## ।। प्यारो मान्छे ।।

धेरै माया तिम्लाइ नै गरिन्छ
भए तिम्रै नभए मरिन्छ
एक छिन् तिम्लाइ नदेख्दा सानु
मेरो आखा आशुले भरिन्छ
यहा माया खतरा छ भने
जहा भन्छौ त्यही बसाइ सरिन्छ
ज्यानको धितो राखेरै भएनी
तिम्रो ओठमा मुस्कान छरिन्छ
धोका देउ या माया देउ सानु
जुनी भरी तिम्रै भर परिन्छ



**मुकेश कुमार यादव (MS)**
**सबैला ११ इनर्वा**

## ।। रमाइलो दिन ।।

आजको दिन कति रमाइलो,
सूर्यले हाँस्दै किरण छर्दै,
पंक्षीहरू गीत गाइरहेछन्,
बगैंचामा फूलहरू सिञ्चित छन्।
बालकहरूको हाँसोले गुञ्जित,
हरेक कुना उज्यालो रङ्गिएको,
आकाशको नीलो छानोमुनि,
सपना साकार भइरहेको छ।
पातहरू नाच्दै हल्लिन्छन्,
हावाले पनि सँगै मुस्कान भरिन्छ,
सूर्यको सुनौलो छायाँमा,
मनमा नयाँ ऊर्जा सृजिन्छ।
साथीहरूको साथमा खेल्दै,
दुःखहरू बिलाउँदै छन्,
रमाइलो दिन, कति अनमोल,
यो पल सधैंभरि जीवित रहोस्।



**विवेक साह**
**जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (६ सेमेस्टर)**

## ।। रसिका ।।

मेरी छोरी रसिका हुर्किँदै छे
चार बर्ष पुगि स्कुल जान थालि छे
बोली फुटाइ ए बि सि डि भन्न थालि छे
क ख ग घ र पनि लेख्न जानि छे
युनिफर्म लगाइ मख्ख हुदै क्लास मा बस्छे
चुलबुल चुलबुल गर्दै साथी संग खेल्छे
एक दुइ तिन चार गर्दै क्लास मा पढछे
होमवर्क दिनहु आफै बनाउँछे
पापा लाइ पनि लेख्न लगाउँछे
नर्सरी मा मेरी छोरी छे अहिले
त्रैमासिक परीक्षा मा प्रथम गरिछे
मम्मि सँग पनि खुब कुरा लाँउछे
दाजुलाइ पनि खुब फुर्काउछे
बाबा दादी सँग खुब मस्किन्छे
मेरी प्यारी छोरी हुर्किँदै छे
अलि अली रिसाउन पनि जानिछे
कसैले जिस्काए कुरा काट्न पनि जानिछे
मोबाइलको त युट्युब चलाउन माहिर छे
पढिलेखी गुणि बन्नु यहि मेरो आशिष छ
शुभकामना छ उसलाइ जन्मदिन को
उ सदैव स्वस्थ सुगठित तेज बुद्धि को रहोस
यहि मेरो जन्मदिन को छोरीलाइ शुभाषिस छ



**प्रमोद राम**
**जनकपुरधाम ९**

## ।। गजल ।।

माया प्रेम जिन्दगीमा राम्रो लाग्दैन।
तिमी नआउ सपनिमा राम्रो लाग्दैन।
मुहार अध्यारो कैल्यै नलाउनु आमा
ग्रहण लाग्दा चादनीमा राम्रो लाग्दैन।
हासो किन्न प्रदेशमा जानै पर्छ मैले
साहु आउँदा आगनिमा राम्रो लाग्दैन।
यी राष्ट्सेबक मुखदर्शक बनिदिन्छन
मिचिन्छन देशको सिमा राम्रो लाग्दैन।
चोट घाउ बढी भयर पिडा ब्यक्त गर्दछ
निर्दोष मुटु यो छातिमा राम्रो लाग्दैन।



**नामः पूजा कुमारी शाह**
**ठेगानाः कल्याणपुर ११(सिराहा)**

# सरकार जनताको अवस्था परिवर्तनको निम्ति गठन भएको हो : उपप्रधानमन्त्री सिंह




काठमाण्डु । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले जनताको अवस्था परिर्तनको निम्ति वर्तमान सरकार गठन भएको बताउनुभएको छ। कान्तिपुर सिटी कलेजले आज यहाँ आयोजना गरेको शैक्षिक प्रदर्शनीको उद्घाटन गर्दै उहाँले मुलुकमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्थामा परिवर्तन आउन नसेकको उल्लेख गर्नुभयो ।

उपप्रधानमन्त्री सिंहले जनताको अवस्थामा आमूल परिवर्तन गर्नका लागि सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा (एमाले) मिलेर संयुक्त सरकार गठन गरिएको बताउनुभयो । उहाँले देशको बारेमा नकारात्मक टिप्पणी मात्रै गर्नेभन्दा पनि प्राप्त उपलब्धिलाई संस्थागत गर्दै समृद्ध नेपालको निम्ति लाग्न सबैमा अनुरोध गर्नुभयो ।

"देशमा केही पनि भएन वा सम्भावना केही पनि छैन भन्ने होइन, मुख्य कुरा व्यवस्था नै परिवर्तन भएको छ, संविधानमा सबैको हकअधिकार सुनिश्चित भएको छ, अब देशको आर्थिक विकासलाई अगाडि बढाउँदै जनताको अवस्था परिवर्तन गर्नुपर्छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।

देशभित्रै रहेको स्रोत/साधन प्रयोग गरेर रोजगारी सिर्जना गरी विदेश पलायन भएका युवालाई स्वादेश मै रोजगारको अवसर सिर्जना गर्ने सरकारको मुख्य लक्ष्य रहेको उहाँको भनाइ थियो ।

नेपाली शैक्षिक प्रणालीलाई रोजगार तथा सिपमूलक र उत्पादनमुखि बनाउनु पर्नेमा जोड दिँदै उपप्रधानमन्त्री सिंहले समग्र शिक्षा प्रणालीलाई उत्कृष्ट बनाउनका लागि ऐन/कानुन तथा नीति परिवर्तन गर्नु परेको खण्डमा सरकार तयार रहेको बताउनुभयो । कार्यक्रममा पूर्वमन्त्री गणेश शाहले नेपालको शिक्षामा गुणस्तर वृद्धि गर्नका लागि पूरानै शैली वा परम्पराभन्दा पनि अध्यापन शैली नै परिवर्तन गर्नु पर्नेमा जोड दिनुभयो ।रासस

# मुलुकलाई अगाडि बढाउन संविधान संशोधन आवश्यक : वरिष्ठ उपाध्यक्ष पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले मुलुकलाई विकास, समृद्धि र स्थिरताको बाटोमा अगाडि बढाउन संविधानका केही प्रावधानलाई संशोधन गर्न आवश्यक रहेको रहेको बताउनुभएको छ ।

नेपाल बुद्धिजीवी परिषद्ले शुक्रबार आयोजना गरेको 'काठमाडौं सहरीकरणः वर्तमान प्रवृत्ति, योजना र लगानी' बिषयक अन्तरक्रियामा उहाँले एमाले र नेपाली कांग्रेसबीच भएको सहमतिले मुलुकमा देखिएको राजनीतिक अवसर पनि छ", उहाँले भन्नुभयो, "विज्ञहरूले यति बेला मन खुलाएर कहाँ कहाँ सच्च्याउनुपर्ने हो । त्यस विषयमा सुझाव दिन जरूरी छ । त्यसैले म देश विकासका लागि राजनीतिक प्रणालीमा के के गर्न आवश्यक छ, त्यसमा पनि सुझावका लागि आग्रह गर्दछु ।"

वरिष्ठ उपाध्यक्ष पोखरेलले काठमाडौं, ललितपुर र भक्तपुरको एकीकृत विकासका लागि भू-उपयोग नीति आवश्यक रहेको धारणा राख्नुभयो । "काठमाडौंमा बस्ती बसाउन कहाँ, खेतीपाती गर्ने कहाँ ? बजार बसाउन कहाँ ? भनेर भूउपयोग नीति



अस्थिरता अन्त्यको सुरुआत गरेको समेत बताउनुभएको छ । वरिष्ठ उपाध्यक्ष पोखरेलले संविधान संशोधनको बहस बहसका लागि आग्रह गर्नुभयो । "शासकीय स्वरूप र निर्वाचन प्रणालीमा देखापरेका समस्या तथा संविधानमा कतिपय कुरा मिलाउनुपर्ने छन् । यसबीचमा संविधानको व्यवहारिक अभ्यासका क्रममा देखापरेका सङ्गति नमिलेका कुराहरू सच्च्याउने प्रभावकारी ढङ्गबाट लागू गर्नुपर्दछ", उहाँले भन्नुभयो, "अहिलेको जस्तो जसले, जसरी, जे गरे पनि छुट पाउने अववस्था रहनुहुँदैन । त्यसैले भूउपभोग नीति कार्यान्वयन हुनुपर्छ ।

"कार्यक्रममा एमाले काठमाडौं जिल्ला कमिटी अध्यक्ष दीपक निरौलाले अव्यवस्थित बसोबास व्यवस्थित गर्न पनि भूउपभोग नीति आवश्यक रहेकामा जोड दिनुभयो । रासस

# किसानलाई समयमै रासायनिक मल उपलब्ध गराउन प्रधानमन्त्रीको निर्देशन




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले किसानलाई समयमा रासायनिक मल उपलब्ध गराउने र व्यावसायिक उत्पादनमा लगाउने विषयमा चासो दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार कृषि क्षेत्रका विद्यमान अवस्था, चुनौती र सुधारका विषयबारे कृषि तथा पशुपन्क्षीमन्त्री रामनाथ अधिकारी र उच्चाधिकारीसहितको छलफलमा प्रधानमन्त्री ओलीले आगामी मङ्सिरमा कति मल चाहिने हो त्यसको आँकलन गरेर अहिलेदेखि नै खरिद प्रक्रिया थाल्न निर्देशन गर्नुभयो ।

सो मन्त्रालयको कूल बजेटको ५६ प्रतिशत बजेट रासायनिक मल अनुदानमा रहेको छ । किसानले किन्ने रासायनिक मलमा ६७ प्रतिशतसम्म अनुदान दिँदै मन्त्रालयले खरिद प्रक्रियालाई सरलीकरण बनाउन प्रधानमन्त्री ओलीसँग आग्रह गरेको थियो ।

प्रधानमन्त्री ओलीले किसानलाई नाफा हुने खालका खेती मात्रै गर्ने वातावरण सृजनाका लागि उपयुक्त जग्गामा सामूहिक खेती प्रणालीमा जान सुझाव दिँदै स्वदेशमा उत्पादन नहुने खाद्य पदार्थ समयमै किनेर ल्याउन आग्रह गर्नुभयो । प्रधानमन्त्री ओलीले माछापालन, दूध उत्पादन, सुन्तला, काजु, ल्याङ र मसलालगायत उपयुक्त खेतीका लागि कहाँ कहाँ के के गर्न सकिन्छ भन्ने स्पष्ट योजना ल्याउन निर्देशन दिनुभयो ।

"म कृषि विज्ञ होइन । किसानको छोरा हुँ । सानो हुँदा खेती गरिन्थ्यो, ठूलो भएपछि भ्याइएन तर मेरो रगतमा किसानको जिन छ । म बोट बिरुवालाई माया गर्छु । मलाई बोट बिरुवाले माया गर्छन् ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले बोट बिरुवालाई माया गरेका उनीहरु खुसी भएर धेरै फल दिन्छन् ।"उहाँले पशुपन्क्षी नेपालभित्र ल्याउँदा र विदेश पठाउँदा स्वास्थ्य जाँच अनिवार्य गराउन, आगामी तीन वर्षभित्र खोरेत रोग उन्मूलन गर्न, कालोबजारी रोक्न, अनुदानको निरन्तरताभन्दा पनि लाभग्राहीले तिर्ने परिपाटीमा जान पनि सुझाव दिनुभयो ।रासस

# सरकारले निराशालाई आशामा बदल्नुपर्छ : महासचिव पोखरेल



काठमाण्डु । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले सरकारले जनतामा उत्पन्न भएको निराशालाई आशामा बदल्दै राजनीतिक स्थायित्वको आधार तयार गर्नुपर्ने बताउनुभएको छ । ललितपुर, च्यालसस्थित एमाले पार्टी कार्यालयमा शुक्रबार एमाले सामाजिक सेवा विभागको १०औं बैठकलाई सम्बोधन गर्दै उहाँले मुलुकको बिग्रँदै गएको परिस्थिति सम्हाल्नका लागि एमाले र नेपाली कांग्रेस पार्टी मिलेर सरकार गठन गर्ने अवस्था आएको हो भन्नुभयो ।

उहाँले देशमा अस्थिरता सिर्जना हुन नदिन आर्थिक विकास सँगसँगै सामाजिक विकासको अवधारणा (मोडेल)मा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले जनभावना के कुरासँग गाँसिएको छ भन्ने कुरामा पनि सरकारले ध्यान दिनुपर्ने र समाजमा के मुद्दाले असर गरिरहेको छ भन्ने बुझ्नुपर्छ भन्नुभयो । "बङ्गलादेश दक्षिण एसियामै नमुना आर्थिक विकास भइरहेको देश हो तर त्यहाँ आरक्षणको मुद्दालाई समयमै जनभावनाबमोजिम सम्बोधन हुन नसक्दाको परिणाम बङ्गलादेश अहिले अस्थिरता र अन्योलको अवस्थामा पुगेको छ", उहाँले भन्नुभयो । उहाँले समग्र सामाजिक क्षेत्रमा प्रभावकारी नेतृत्व गर्ने योजना बनाउन पनि विभागलाई सुझाव दिनुभयो । एमालेका उपाध्यक्ष तथा सामाजिक विकास सम्बद्ध विभाग संयोजक अष्टलक्ष्मी शाक्यले समाजमा देखिएका समस्या समाधान गर्न एमाले अग्रसर हुनुपर्ने धारणा राख्नुभयो । सो अवसरमा निवर्तमान विभाग प्रमुख झपट बोहोराको बिदाइ र विभाग प्रमुखमा नयाँ जिम्मेवारी सम्हाल्नुभएका कल्पना चापागाईंलाई स्वागत गरिएको थियो ।रासस

# गृहमन्त्री लेखकद्वारा पनौतीमा निर्माणाधीन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको निरीक्षण

काभ्रेपलाञ्चोक। गृहमन्त्री रमेश लेखकले काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-६ मा निर्माणाधीन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको शुक्रबार अनुगमन निरीक्षण गर्नुभएको छ । भारत सरकारको अनुदानमा निर्माणाधीन प्रतिष्ठानको भौतिक संरचना निर्माणको अवस्था अनुगमन गरी उहाँले यसको प्रगतिबारे जानकारी लिनुभएको हो ।

गृहमन्त्री लेखकलाई रु १० अर्ब ५२ करोडको लागतमा निर्माणाधीन प्रतिष्ठानको संरचना निर्माणबारे नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले जानकारी गराउनुभयो । यस्तै, लेखकलाई भारतीय निर्माण कम्पनीका प्रतिनिधिले आयोजना निर्माणको प्राविधिक पक्षबारे जानकारी गराएका



थिए । लेखकले आयोजनाको अनुगमनका क्रममा गुणस्तरीय तरिकाले निर्धारित समयमा निर्माणको काम सम्पन्न गर्न निर्माण पक्षलाई आग्रह गर्नुभएको छ ।

गृहमन्त्री लेखकले निर्माणाधीन प्रतिष्ठानको निर्माणका क्रममा केही समस्या आए तत्काल आफूलाई जानकारी गराउनसमेत आग्रह गर्नुभयो । "प्रतिष्ठानको निर्माण कार्य समयमै सक्नुहोला, यसबीचमा केही समस्या आए तत्काल मलाई भन्नुस् समाधान गरिहाल्छौँ", उहाँले भन्नुभयो । भारतको सहयोगमा उक्त प्रतिष्ठान निर्माण भएकामा लेखकले राजदूतमार्फत भारतीय सरकारसँग खुसी व्यक्त गर्नुभएको छ ।

अनुगमनका क्रममा राजदूत श्रीवास्तवले निर्माणको काम समयमै सक्नेगरी जनशक्ति परिचालन गरिएको बताउनुभयो । उहाँका अनुसार हाल दैनिक आठ सय जनशक्ति परिचालन गरिएकामा निर्माण कार्य समयमा सक्न थप जनशक्ति थप्ने तयारी गरिएको छ । करिब ८० प्रतिशत भौतिक निर्माणको काम सकिएको उहाँको भनाइ थियो ।

अनुगमनमा पूर्वसांसद एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईं, बागमती प्रदेशसभा सदस्य कञ्चनचन्द्र वादे, पनौतीका नगरप्रमुख रामशरण भण्डारी, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, प्रहरी राष्ट्रिय प्रशिक्षण प्रतिष्ठान (पुलिस एकेडेमी)का निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सुदीप गिरी, बागमती प्रदेश प्रहरी कार्यालय प्रमुख प्रज्वल महर्जनलगायतको सहभागिता थियो ।

विसं २०७९ असारमा निर्माण सुरु भएको आयोजना भारतीय निर्माण कम्पनीसँग आगामी २०८२ असारमा सम्पन्न गर्नुपर्ने सम्झौता भएको छ । करिब आठ सय ६० रोपनी क्षेत्रफलमा निर्माणाधीन प्रतिष्ठानमा प्रशासनिक भवन, शैक्षिक भवन, खेलकुद भवन तथा मैदान, स्विमिङ पुल, अडिटोरियम हल, हेलिप्याडलगायतका एक सय छवटा भौतिक संरचना निर्माणको काम भइरहेको छ ।रासस

# सरकारलाई जनउत्तरदायी बनाउन सञ्चारमाध्यमले खबरदारी गर्नुपर्छ : सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारलाई जनउत्तरदायी र जिम्मेवार बनाउन सञ्चार माध्यमले निरन्तर खबरदारी गरिरहनुपर्नेमा जोड दिनुभएको छ। राष्ट्रिय समाचार समिति (रासस) केन्द्रीय कार्यालयमा स्थापना गरिएको 'रासस मिडिया सङ्ग्रहालय'को शुक्रबार शुभारम्भ गर्दै उहाँले सरकारलाई जनताप्रति जिम्मेवार बनाउन पत्रकारले रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

"सरकार र जिम्मेवार पदाधिकारीको गलत कामको कटु आलोचना गर्नुपर्छ", सञ्चारमाध्यमका भूमिकाबारे स्पष्ट पार्दै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो, "तर एक पक्षीयरुपमा विरोध मात्रै गर्नु निश्पक्ष पत्रकारिता होइन, सञ्चारमाध्यम र स्वयम् पत्रकार पनि रचनात्मक हुनुपर्छ ।" उहाँले सत्य, तथ्य र निश्पक्ष पत्रकारिताको विश्वव्यापी सिद्धान्त भए पनि पछिल्लो समय स्वतन्त्र पत्रकारिता व्यक्ति केन्द्रित आलोचनामा सीमित भएकामा चिन्ता व्यक्त गर्नुभयो ।

पत्रकारिता क्षेत्रले वस्तुनिष्ठ र अनुशासित भएर आफ्नो भूमिका निर्वाह गरे मात्रै सरकार उत्तरदायी र जिम्मेवार हुने उल्लेख गर्दै मन्त्री गुरुङले भन्नुभयो, "सञ्चारमाध्यमको भूमिका प्रतिपक्षी हुनुपर्छ, गलत काममाथि प्रश्न उठाउनुपर्छ, सही र गलत छुट्ट्याउन सक्नुपर्छ, सरकार र समाजलाई सभ्य बनाउन केन्द्रित हुनुपर्छ ।"



जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन पनि सञ्चारमाध्यमले सरकारलाई खबरदारी गर्नु अपरिहार्य रहेको मन्त्री गुरुङको भनाइ थियो । "वर्तमान सरकार जनताप्रति बढी उत्तरदायी र जवाफदेही हुन खोजिरहेको छ, यसतर्फ सञ्चार जगत्को रचनात्मक सहयोग आवश्यक छ", उहाँले भन्नुभयो । उहाँले अमर्यादित अभ्यासले सिङ्गो पत्रकारिता क्षेत्रमाथि नै प्रश्न उठिरहेको सन्दर्भमा पत्रकारितालाई व्यवस्थित, मर्यादित तथा रचनात्मक बनाउन सबै पक्ष सजग र सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

वर्तमान सरकारले अनावश्यक प्रचार नखोजेको उल्लेख गर्दै प्रवक्ता गुरुङले सरकारका जनपक्षीय कामलाई जनतासमक्ष पुऱ्याउन भने मिडियाले सहयोग गर्नुपर्छ भन्नुभयो । 'मिडिया कन्टेन्ट' उत्पादन केन्द्रका रुपमा रहेको राससले आफूलाई व्यवस्थित, सिर्जनशील र प्रविधिमैत्री बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उहाँले सञ्चार क्षेत्रको अभिभावकको भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो । राससले स्थापना गरेको मिडिया सङ्ग्रहालयबाट सञ्चार क्षेत्रको विकासको अध्ययन गर्न महत्वपूर्ण सहयोग मिल्ने विश्वास व्यक्त गर्दै मन्त्री गुरुङले पछिल्लो पुस्ताका लागि महान् काम भएको उल्लेख गर्नुभयो ।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले रासस लामो इतिहास भएको संस्थाका रुपमा रहिआएको उल्लेख गर्दै यसले गरेका कामलाई समय क्रमसँगै हेर्ने हो भने मिडिया विकासको जीवन्त अवस्था चित्रण हुने बताउनुभयो । व्यवस्थापकीय मात्र नभई सिर्जनशील काममा पनि केन्द्रित हुन रासस व्यवस्थापनलाई निर्देशन दिँदै उहाँले समाचारका विषयवस्तुको विविधीकरणमा ध्यान दिन आग्रह गर्नुभयो । सचिव अर्यालले राससको स्थापनाकालदेखि हालसम्मका बाटोलाई सङ्ग्रहालयले दृश्यात्मक रुपमा प्रस्तुत गरेको उल्लेख गर्नुभयो ।

वरिष्ठ पत्रकार राजेन्द्र दाहालले नेपालको मिडिया विकासको इतिहासलाई जीवन्त बनाउन सङ्ग्रहालयको अवधारणा कार्यान्वयनमा लैजानु रासस व्यवस्थापनको सकारात्मक पहल भएको बताउनुभयो । उहाँले सञ्चार उपकरणसँगै उत्पादित समाचारका विषयवस्तु पनि प्रदर्शनीमा राख्नु उपयुक्त हुने सुझाव दिनुभयो ।

"सङ्ग्रहालयमा सुरुआतदेखि वर्तमानसम्मको स्पष्ट प्रस्तुति हुनुपर्छ, राससको बुलेटिन, भाषा, शैली पुस्तिकासमेत समेट्नुपर्छ", वरिष्ठ पत्रकार दाहालले भन्नुभयो ।वरिष्ठ पत्रकार एवं प्राध्यापक रामकृष्ण रेग्मीले मिडिया सङ्ग्रहालय स्थापना गरेर राससले ऐतिहासिक काम गरेको उल्लेख गर्नुभयो ।रासस





## जय बजरंग ह्युम पाईप उद्योग

ब्रहमपुरी गा.पा.–४, त्रिभुवननगर, सर्लाही

Concrete products manufacture & Suppliers of RCC Spun Pipes of PSC Pole and Inter lock Block

यहाँ हयुम पाईप, विद्युत पोल, इन्टरलाँक ब्लाँक पाईन्छ ।




**Price List of RCC Hume Pipe And Pole**

NP3 class Reinforced Concert Heavy Duty Non Pressure Pipe and Pole

PLUSE JOIENT

| S. N. | Size MM | Size Inch | Rate Per Pipe |
|---|---|---|---|
| 1 | 200 | 8 | 4885 |
| 2 | 250 | 10 | 6035 |
| 3 | 300 | 12 | 8790 |
| 4 | 400 | 16 | 11235 |
| 5 | 450 | 18 | 13161 |
| 6 | 500 | 20 | 14670 |
| 7 | 600 | 24 | 17350 |
| 8 | 750 | 30 | 24410 |
| 9 | 900 | 36 | 31125 |
| 10 | 1000 | 40 | 34425 |
| 11 | 1200 | 48 | 41290 |
| 12 | 1400 | 56 | 65100 |

SPI GOT & COLLAR SOCKET

| S. N. | Size MM | Size Inch | Rate Per Pipe |
|---|---|---|---|
| 1 | 200 | 8 | 5373.5 |
| 2 | 250 | 10 | 6638.5 |
| 3 | 300 | 12 | 9669 |
| 4 | 400 | 16 | 12358.5 |
| 5 | 450 | 18 | 14477.1 |
| 6 | 500 | 20 | 16137 |
| 7 | 600 | 24 | 19085 |
| 8 | 750 | 30 | 26851 |
| 9 | 900 | 36 | 34237.5 |
| 10 | 1000 | 40 | 37867 |
| 11 | 1200 | 48 | 45419 |
| 12 | 1400 | 56 | 71610 |

Rate List Pole

| S. N. | Size | Thick | Thin |
|---|---|---|---|
| 1 | 8m | 7000.00 | 6500.00 |
| 2 | 9 m | 8700.00 | 7000.00 |
| 3 | 11 m | 13500.00 | |



**Terms & Conditions Regarding the Above Price :-**

1. Vat will be charged 13% on the above mentioned price.
2. The standard length of pipe is 2.5 miters.
3. The transportation will be charged 0 to 50km. @ 10%, 100 km 15% and 100 to 200 km @ 20% on the above mentioned price.
4. Load and Unload will be as 10% of total cost.
5. Pole Transportation will be charged per pole 1000/-

**FOR DETAILS CONTACT TO**

रमेश कुमार शर्मा
९८५४०३३५३६, ९८०१०३३५३६

चन्देश्वर महतो
९७६२८००८९७

# सहकर्मीको हत्यापछि भारतीय चिकित्सकहरू हडतालमा

एएफपी

नयाँदिल्ली ।सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरूले शुक्रबार देशव्यापी विरोध प्रदर्शन र हडताल बढाउने बताएका छन् । उक्त क्रुर हत्याले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोशलाई केन्द्रीत गरेको छ । पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया व्यक्तिको रगतले लतपतिएको र क्रुर शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो ।नयाँदिल्लीमा सरकारद्वारा सञ्चालित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) अस्पतालबाट शुभ्राङ्कर दत्ताले शुक्रबार भन्नुभयो, “हामीले हाम्रा सहकर्मीलाई न्यायको माग गर्न विरोध प्रदर्शनलाई तीव्रता दिइरहेका छौं ।”



धेरै राज्यका सरकारी अस्पतालहरूमा उनीहरूले विरोध स्वरूप सोमबार वैकल्पिक सेवाहरू ‘अनिश्चित कालका लागि’ बन्द गरेका छन् । सरकारी तथा निजी दुवै प्रणालीमा धेरै चिकित्सा सङ्गठनहरूले हडतालको समर्थन गरेका छन् । हत्याको निन्दा गर्नका लागि हजारौँले बुधबार रातभर कोलकाताको सडकहरूमा जुलुस निकाले र मध्यरातमा भारतको स्वतन्त्रता दिवसको सुरुआतका साथ मैनबत्तीको उज्यालोमा जुलुस निकाले ।

इन्डियन मेडिकल एसोसिएसनले निजी अस्पतालहरूमा सबै अनावश्यक र चिकित्सा प्रक्रियाहरू निलम्बन गर्दै शनिबार २४ घन्टाका लागि ‘देशव्यापी सेवाहरू बन्द गर्न’ आह्वान गरेको छ । शिक्षण अस्पतालको सेमिनार हलमा हत्या गरिएकी चिकित्सक फेला परेको र उनी लामो सिफ्टका क्रममा केही समयका लागि आराम गर्न त्यहाँ गएको भारतीय सञ्चारमाध्यमले बताएका छन् ।भारतीय प्रसारक एनडिटिभीका अनुसार शव परीक्षणले यौन दुर्व्यवहार भएको पुष्टि गरेको छ । अदालतमा निवेदनमा पीडितका बुबाआमाले आफ्नी छोरीमाथि सामूहिक बलात्कार भएको आशङ्का गरेका छन् ।

**अत्याचार**

प्रहरीले अस्पतालमा व्यस्त लाइनमा सहयोगीको काम गर्ने एक व्यक्तिलाई हिरासतमा लिएको छ । राज्य सरकारका अधिकारीहरूमाथि यो विषयलाई दुरुपयोग गरेको आरोप लगाइएको छ । भारतमा महिलाविरुद्ध यौन हिंसा व्यापक समस्या हो । एक अर्ब ४० करोड जनसङ्ख्या भएको मुलुकमा सन् २०२२ मा प्रतिदिन औसत करिब ९० बलात्कारको घटना रिपोर्ट गरिएको छ । धेरैका लागि आक्रमणको विभत्स प्रकृतिले सन् २०१२ मा दिल्ली बसमा एक युवतीमाथि भएको भयानक सामूहिक बलात्कार र हत्यासँग तुलना गरेको छ ।

ती महिला महिलाविरुद्ध यौन हिंसाको सामना गर्न सामाजिक रूपमा रूढिवादी मुलुकको असफलताको प्रतीक बनिन् । उनको मृत्युपछि दिल्ली र अन्य स्थानमा ठूलो मात्रामा कहिलेकाहीँ हिंसात्मक प्रदर्शनहरू भए । दबाबमा सरकारले बलात्कारीहरूका लागि कठोर सजाय र बारम्बार अपराध गर्नेहरूका लागि मृत्युदण्डको व्यवस्था गर्‍यो । धेरै नयाँ यौन अपराध पनि सुरु भए । यसमा पछ्याउने पनि सामेल छ । साथै बलात्कारको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकारीहरूलाई अब जेल सजाय हुनसक्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार महिलाविरुद्ध ‘राक्षसी’ कृत्य गर्नेहरूलाई तत्काल सजाय दिन माग गर्नुभयो । “हाम्रा आमा र दिदीबहिनीमाथि भएको अत्याचारप्रति आक्रोश छ”, उहाँले भन्नुभयो, “महिलाविरुद्धका अपराधको शीघ्र छानबिन हुनुपर्छ, महिलाविरुद्धको राक्षसी व्यवहारलाई कडा र तत्काल सजाय दिनुपर्छ ।”चिकित्सकहरूले स्वास्थ्यकर्मीहरूलाई हिंसाबाट बचाउन केन्द्रीय संरक्षण ऐन, विधेयक लागु गर्न माग गरेका छन् ।

# युक्रेनद्वारा रूसी सहर सुड्झासहित दर्जनौँ वस्ती कब्जा

एएफपी

किएभ । युक्रेनले रूसको पश्चिमी कुर्स्कमा आफ्नो सैन्य प्रशासनिक कार्यालय स्थापना गरेको दाबी गरेको छ ।

युक्रेनका शीर्ष कमाण्डर ओलेक्सान्डर सिर्स्कीले यस सैन्य सिविरबाट रूसमाथि आक्रमण जारी रहेको बताउनुभएको छ । सिर्स्कीका अनुसार पश्चिमी कुर्स्क क्षेत्रमा खोलिएको यो कार्यालयले गर्दै कुर्स्क क्षेत्रका जनताको सुरक्षाका लागि आवश्यक कदम चाल्ने बताउनुभएको छ । युक्रेनले पनि बिहीबार रूसी क्षेत्रमा लाभ हासिल गरेको दाबी गरेको थियो । जनरल सिर्स्कीका अनुसार युक्रेनी सेना कुर्स्क क्षेत्रमा ३५ किलोमिटरसम्म प्रवेश गरेको छ । उनीहरूले ८२ बस्तीसहित १,१५० वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् ।

युक्रेनको रुसमाथि भएको



कानून र व्यवस्था कायम राख्नेछ र जनताको तात्कालिक आवश्यकताहरू पूरा गर्नेछ । सामाजिक सञ्जालमा पोस्ट गरिएको एक भिडियोमा जनरल सिर्स्कीले युक्रेनको नियन्त्रणमा रहेको क्षेत्रमा कार्यालय निर्माण गरिएको उल्लेख गर्नुभएको छ ।

यसैबीच, रूसी रक्षामन्त्री आन्द्रेई बेलोसोभले युक्रेनको कदमप्रति प्रतिक्रिया व्यक्त यो अहिलेसम्मकै सबैभन्दा घातक आक्रमण हो । तर युक्रेनले भने रूसी भूमि कब्जा गर्न इच्छुक नरहेको बताएको छ । युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता ह्योरही टाइकीले बुधबार एक वक्तव्य जारी गर्दै रूसलाई शान्ति स्थापनाका लागि दबाब दिने प्रयासअन्तर्गत उक्त आक्रमण भएको बताउनुभएको थियो ।

# वेस्ट ब्याङ्कका गाउँमा इजरेली बस्तीका मानिसहरूद्वारा आगजनी

वीवीसी

काठमाण्डु । गाजामा इजरेलले बस्ती बसाएका ठाउँका दर्जनौं मानिसहरूले इजरेली नियन्त्रणमा रहेको वेस्ट ब्याङ्कमा स्थानीयका घर र कारहरूमा आगजनी गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ।



घटनामा एक जना मारिएको प्यालेस्टाइनले बताएको छ। इजरेलले बस्ती बसाएका ठाउँका मानिसहरूले नब्लुस सहर नजिकैको जिट गाउँमा ढुङ्गा र पेट्रोल बम प्रहार गरेको इजरेली डिफेन्स फोर्सले जनाएको छ।प्यालेस्टाइनको स्वास्थ्य मन्त्रालयले २० वर्ष आसपासका एक जना स्थानीयको मृत्यु भएको र अर्का एक जना गम्भीर घाइते भएको जनाएको छ।

इजरेली सेनाले क्षतिको विवरण अध्ययन भइरहेको बताएको छ। इजरेली राजनीतिक नेतृत्वले घटनाको निन्दा गरेका छन् र दोषीमाथि कारबाही गर्ने वाचा गरेका छन्। इजरेली सेनाका अनुसार जिटबाट एक जना इजरेली नागरिक पक्राउ परेका छन्। सामाजिक सञ्जालमा उक्त क्षेत्रमा घर र सवारी साधनहरूमा आगजनी भएका भिडिओहरू देखा परेका छन्।

गाउँबाट धुवाँको मुस्लो उड्दै गरेको देखिएको थियो। इजरेलका प्रधानमन्त्री बेन्जमिन नेतन्याहूको कार्यालयले “आपराधिक घटनामा संलग्न जो सुकैलाई पक्राउ गरिने र कारबाही गरिने” बताएका छन्।इजरेलका राष्ट्रपतिले पनि कठिन परिस्थितिमा इजरेलको बदनाम गरिएको भन्दै प्रशासनलाई तत्काल कदम चाल्न भनेका छन्।इजरेली सेना आईडीएफले एक विज्ञप्ति जारी गर्दै हिंसा सुरु भएको केही मिनेटभित्रै आफ्नो फौज उक्त गाउँमा परिचालन भएको दाबी गरेको छ। आफ्नो हवाई फायरपछि जिटबाट भीड तितरबितर भएको इजरेली सेनाको दाबी छ।

आईडीएफसहित इजरेलको सुरक्षा निकाय शिन बेत र इजरेली प्रहरीले उक्त “गम्भीर घटना”बारे अनुसन्धान सुरु गरिएको जनाएका छन्। इजरेली बस्तीमा रहेर हिंसा गर्दै आएको समूहलाई प्यालेस्टिनी गाउँहरूमा आक्रमणका लागि इजरेली सेनाले छुट दिने गरेको आरोप प्यालेस्टिनीहरूको छ।संयुक्त राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी निकाय ओचाका अनुसार गत अक्टोबरयता प्यालेस्टिनीहरूमाथि १०००भन्दा बढी आक्रमणका घटना भएका छन्। जसमा ६६० जना बालबालिका सहित १३९० जना विस्थापित भएको राष्ट्रसङ्घीय निकायले जनाएको छ।

यस्ता आक्रमणहरूमा बारम्बार घातक हिंसाका घटनाहरू पनि हुने गरेका छन्। ओचाले १०७ वटा यस्ता आक्रमणमा प्यालेस्टिनीहरू घाइते भएको र ८५९ घटनामा प्यालेस्टिनी सम्पत्तिमा क्षति पुगेको जनाएको छ।अन्तर्राष्ट्रिय ध्यान इजरेल गाजामा केन्द्रित रहँदा अमेरिका, युरोपेली सङ्घ र यूकेले इजरेली बस्तीका केही नेतामाथि प्रतिबन्ध लगाएका छन्। एक जना अमेरिकी अधिकारीले गाजामा युद्धविरामका लागि कतारमा भइरहेको पहिलो चरणको वार्ता रचनात्मक भएको बताएका छन्।

वार्तामा इजरेली पक्षले सहभागिता जनाए पनि हमासका नेताहरू सहभागी छैनन्। हमासले इजरेलले अघिल्लो चरणको वार्ताभन्दा इजरेलले सर्त परिवर्तन गरेको आरोप लगाएको छ। हमासका एक जना नेताले इजरेलको जारी सैन्य कारबाही वार्ता अघि बढाउन अवरोधक भएको आरोप लगाएका छन्। हमासका नेताले पूर्ण युद्धविराम र गाजाबाट इजरेली सेना फिर्ता भएमात्रै इजरेलसँग सम्झौता हुन सक्ने जनाएका छन्।यसअघि हमासको स्वास्थ्य मन्त्रालयले गाजामा मारिने प्यालेस्टिनीहरूको संख्या ४० हजारभन्दा धेरै पुगेको जनाएको थियो।

# मङ्कीपक्सको प्रकोपसँग लड्न निगरानी बढाउन डब्लुएचओको आह्वान

एएनआई

जेनेभा ।पछिल्लो समय विश्यव्यापी रूपमा मङ्कीपक्सको सङक्रमणका घटना पुष्टि भइरहेका छन् ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) का महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले प्रभावित देशहरूलाई मङ्कीपक्स प्रकोपको सामना गर्न मिलेर काम गर्न आग्रह गर्दै प्रकोपलाई शीघ्र सम्बोधन गर्न आह्वान गर्नुभएको छ उहाँले सामाजिक सञ्जाल एक्समार्फत मङ्कीपक्स भाइरसको सङ्क्रमणसँग लड्नका लागि विश्वव्यापी निगरानी, डाटा साझेदारी र सहकार्य बढाउनुपर्ने कुरामा जोड दिनुभयो



अल जजिराले पछिल्लो समय स्विडेनमा पुष्टि भएको मङ्कीपक्सको पहिलो केसबाट यो नजिकको सम्पर्कबाट फैलिने अधिक खतरनाक संस्करण भएको बताएको छ । योसँगै स्विडेन सरकारले बिहीबार अफ्रिकाबाहिर यो भेरिएन्टको पहिलो केस पहिचान भएको जनाएको छ ।स्वास्थ्य तथा सामाजिक मामिलामन्त्री ज्याकब फोर्समेडले बिहीबार पत्रकार सम्मेलनमा भन्नुभयो, “स्विडेनमा हामीसँग अधिक गम्भीर प्रकारको क्लेड १ नामको एमपक्स (मङ्कीपक्स) पुष्टि भएको छ ।”

डब्लुएचओले प्रजातान्त्रिक गणतन्त्र कङ्गोबाट सुरु भएर अन्य देशमा फैलिएपछि एमपक्सलाई दुई वर्षमा दोस्रोपटक विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ । हाल साउदी अरेबियाबाट फर्केका एक व्यक्तिमा भाइरसको पुष्टि भएपछि पाकिस्तानमा पनि पहिलो मङ्कीपक्सको घटना पुष्टि गरेको एआरवाई न्यूजले स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै जनाएको छ ।एआरवाई न्यूजका अनुसार पेशावरको खैबर मेडिकल विश्वविद्यालयले सङक्रमणको पुष्टि गरेको हो ।

# आप्रवासीलाई भिसामा प्रतिबन्धको आह्वान ‘अपमानजनक’

सिन्ह्वा

क्यानबेरा । अष्ट्रेलियाका उपप्रधानमन्त्रीले गाजाबाट भागेका प्यालेस्टिनीलाई भिसा प्रतिबन्धको लागि सरकारले गरेको आह्वान अपमानजनाक रहेको बताउनुभएको छ ।



उपप्रधानमन्त्री तथा रक्षामन्त्री रिचर्ड मार्लेसले विपक्षी नेता पिटर डटनको गाजाबाट आएका आप्रबासीलाई भिसा प्रतिबन्धको दबाबले अस्ट्रेलियामा तनाव बढाउन सक्ने शुक्रबार बताएउनुभएको हो । डटनले राष्ट्रिय सुरक्षाको खतरालाई मध्यनजर गर्दै गाजाबाट भागेका प्यालेस्टिनीका लागि भिसा अस्वीकार गर्न सरकारलाई आह्वान गर्नुभएको थियो । उहाँको टिप्पणीलाई लेबर पार्टी, ग्रिन र इस्लामिक समूहहरूले भेदभावपूर्ण र जातिवादीको रूपमा निन्दा गरेका छन् । उहाँले संसदमा भएको एक घटनाको प्रसङ्गलाई जोड्दै घटनाले विपक्षी नेताको अपमान भएको मार्लेसले अस्ट्रेलियाली ब्रोडकास्टिङ कर्पोरेसन (एबीसी) रेडियोसँगको कुराकानीमा भन्नुभएको हो । यसअघि नै बर्गेसले अस्ट्रेलियामा प्यालेस्टिनीलाई प्रवेश गर्नबाट रोक्न आवश्यक नभएको उल्लेख गर्नुभएको थियो ।

गृह मन्त्रालयले बुधवार जारी गरेको तथ्याङ्कले गत अक्टोबरको आक्रमणपछि प्यालेस्टिनीलाई दुई हजार ९२२ भिसा प्रदान गरेको सात हजार १११ आवेदन अस्वीकार गरेको जनाएको छ । सोही अवधिमा आठ हजार ७४६ इजरायली नागरिकलाई भिसा प्रदान गरिएको तथा २३५ आवेदन अस्वीकार गरेको देखाइएको छ ।

# सिनावात्रा थाइल्याण्डको प्रधानमन्त्री निर्वाचित

एएफपी

बैङ्कक । थाइल्याण्डको संसदले ३७ वर्षीया छोरी पाएटोङ्टार्न सिनावात्रालाई शुक्रबार प्रधानमन्त्रीमा निर्वाचित गरेको छ ।

गठबन्धनमा रहेका अन्य १० दलमध्ये कसैले पनि विकल्प अघि नसारेपछि फेउ थाई पार्टीले बिहीबार पाएटोङ्टानलाई आफ्नो प्रतिस्थापन उम्मेदवारको रूपमा चयन गरेको थियो छ ।फेउ थाइ पार्टीले थाइल्याण्डको राजनीतिमा प्रभावशाली परिवार मानिने सिनावात्रा वंशका तेस्रो सदस्य पेटोङ्टार्नलाई प्रधानमन्त्री बनाउने निर्णय गरी संसदीय प्रक्रियामार्फत् अनुमोदनका लागि शुक्रबार नै संसदमा प्रस्तुत गरेको थियो ।



पाएटोङ्टार्नका बुबा थाक्सिन सिनावात्रा र फुपु यङलिङ सिनावात्राले यसपहिले नै प्रधानमन्त्रीको रूपमा सेवा गरिसकेका छन् । थाइल्याण्डको संवैधानिक राजतन्त्रको इतिहासमा उहाँ सबैभन्दा कान्छो नेता हुनुहुन्छ । राज्यको संवैधानिक अदालतले निवर्तमान प्रधानमन्त्री श्रेता थाभिसिनलाई फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गरेको भनी अदालतमा दायर मुद्दामाथि सुनुवाईपछि दोषी ठहर गर्दै पदमुक्त गरिएको थियो । पेटोङ्टार्न थाइल्याण्डको दोस्रो महिला प्रधानमन्त्री बन्नुभएको छ ।

सेना, राजावादी दलहरू र टेलिकम टाइकून तथा कुनै समय म्यानचेस्टर सिटीका मालिकसमेत बनेका पूर्वप्रधानमन्त्री थाक्सिनसँग जोडिएका पपुलिस्ट पार्टीहरूबीच लामो समयदेखिको तनावपछि निवर्तमान प्रधानमन्त्री स्रेथाको बहिर्गमन भएको थियो ।

संसदको तेस्रो ठूलो दल भुमजैथाईले शुक्रबारको मतदानमा फेउ थाईका उम्मेदवारलाई समर्थन गर्न सहमत भएको जनाएको छ ।

सन् २०२२ को अन्त्यमा राजनीतिमा प्रवेश गर्नुअघि पाएटोङ्टार्नले होटेल क्षेत्रको व्यावसाय हेर्दै आउनुभएको थियो र गत वर्षको आम चुनावको दौडान उहाँ चुनावी अभियानमा लगभग निरन्तर उपस्थित रहनुभएको थियो ।

# गाजा युद्धविराम वार्ता दोस्रो दिनमा

एएफपी

दोहा । गाजा युद्धविरामका लागि वार्ता समूहहरू शुक्रबार दोस्रो दिन कतारमा पुनः जुटेका छन् । इजरायलमा रहेका शीर्ष युरोपेली कूटनीतिज्ञहरूले युद्धविरामका लागि व्यापक दबाब दिने अपेक्षा गरिएको छ ।



इजरायलले सम्झौतामा अवरोध पुऱ्याएको आरोप लगाउँदै यसअघि सहमति भएका शर्तहरूको कार्यान्वयनमा जोड दिँदै आएको हमासबिना बिहीबार कतारको राजधानी दोहामा पुनः युद्धविराम वार्ता भएको थियो ।हमासशासित गाजाका अधिकारीहरूले १० महिनाभन्दा बढीको युद्धपछि प्यालेस्टिनी क्षेत्रमा ४० हजारभन्दा बढीको मृत्यु भएको बिहीबार बताएका छन् । गाजामा लडाकूहरूले बन्धक बनाएका बन्धकहरूलाई फिर्ता ल्याउन महिनौंको वार्ता अझै पनि सही दिशामा जानसकेको छैन ।

अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले वार्ताको ‘आशाजनक सुरुवात’ भएको तर अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभएको छ । इजरायलको प्रमुख सैन्य आपूर्तिकर्ता संयुक्त राज्य अमेरिकाले कतार र इजिप्टसँग वार्तामा मध्यस्थता गर्दै आएको छ ।संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले प्रस्तावित गाजा युद्धविरामलाई विशेष गरी इरानसँग बढ्दो क्षेत्रीय तनावलाई कम गर्ने कुञ्जीको रूपमा हेरेका छन् ।

“मध्यपूर्वका लागि यो खतरनाक क्षण हो,” बेलायती विदेशमन्त्री डेभिड ल्यामीले फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नसँगको भ्रमणअघि भन्नुभयो, “स्थिति नियन्त्रणबाहिर जाने खतरा बढ्दै गएको छ ।”

# पर्यटक घटेसँगै डुङ्गा चालकको दैनिकी कठिन बन्दै

लेखनाथ । पर्यटकीय फेवातालमा डुङ्गा सञ्चालन गर्न पोखरा-२२ पुम्दीभुम्दीका ५५ वर्षीय वुद्धिबहादुर परियार दिनहुँ एक सय रुपैयाँ बसभाडा खर्चेर घरबाट फेवाताल आवतजावत गर्नुहुन्छ । उहाँको आफ्नै डुङ्गा छैन, अरुकै डुङ्गा चलाउनुहुन्छ ।

फेवातालमा पर्यटकको सङ्ख्या घटेकै कारण तीन महिनायता उहाँको दैनिक आम्दानी एक सय पचास रुपैयाँ मात्र छ । वर्खामा कुनै दिन खाली हात घर फर्कनुपर्ने अवस्था छ । जेठ महिनादेखि फेवातालमा दैनिक मुस्किलले २० देखि ३० वटा डुङ्गा बाराही घाटबाट तालबाराही मन्दिर पुग्छन् भने दुई-तीन वटा ताल घुम्न जाने व्यक्तिले लैजाने गर्छन् ।

"कुनै दिन घर पुग्ने बस भाडा साथीहरुसँग मागेर जानुपर्ने अवस्था छ", परियारले भन्नुभयो, "फेवातालमा डुङ्गा चलाएको बीसौँ वर्षभयो । यस्तो अवस्था कुनै वर्ष पनि भएको थिएन ।" तीन महिनादेखि खाजा खाने पैसा बचत नभएको उहाँको भनाइ छ । फेवातालका विभिन्न आठ घाटमा सात सय ६७ डुङ्गा सञ्चालनमा रहेकामध्ये सबैभन्दा धेरै बाराही घाटमा ३ सय ५६ डुङ्गा सञ्चालित छन् । अरुको डुङ्गा चलाएबापत चालकले एक सय ५० देखि एक सय ७० रुपैयाँ मात्र पाउने गर्छन् । ताल वाराही मन्दिरसम्म डुङ्गा पुर्‍याएर ल्याएको एक सय ५० रुपैयाँ मात्र चालकहरुले पाउने गर्छन् ।



दाङ जिल्लाबाट आएर पोखराको फेवातालमा डुङ्गा चलाउँदै गर्नुभएका कालीचरण चौधरीको पीडा पनि परियारकै जस्तै छ । पाँच वर्षदेखि पोखराको लेकसाइटमा कोठा भाडामा लिएर श्रीमती र दुई छोराछोरी पाल्दै आएका चौधरीलाई दैनिक खर्च चलाउन मुस्किल परेको छ ।

"कोठाभाडासहित मासिक खर्च २५ हजार रुपैयाँ छ तर आन्दानी तीन हजार छ, पर्यटकको सिजनमा कमाएको पैसा र श्रीमतीले बिहानमा कमाएको पैसाले तीन महिनायता खर्च धानिएको छ, अब एक महिनापछि लाग्ने पर्यटन सिजनमा आन्दानी हुन्छ की भन्ने आशा छ", चौधरीले भन्नुभयो, "छोराछोरीलाई पढाउन पनि मुस्किल भयो ।"फेवा डुङ्गा व्यवसायी सङ्गठन बैदामका कार्यालय सचिव नरबहादुर श्रेष्ठले तीन महिना यता फेवातालमा आउने पर्यटकको सङ्ख्या ८० प्रतिशतले घटेकै कारण डुङ्गा व्यवसायमा यस्तो समस्या आएको जानकारी दिनुभयो । "यी २० प्रतिशत पनि आन्तरिक र भारतीय पर्यटक हुन्", उहाँले भन्नुभयो, "वर्षाद्को समयमा पोखरा आउन जोखिम छ, बर्खा र आर्थिक मन्दीको असर पनि परेको छ ।"

डुङ्गा व्यवसायी सम्मर नेपालीले तीन सय ५६ डुङ्गा रहेको बाराही घाटमा यतिबेला पाँच दिनमा मात्र एउटा डुङ्गाको पालो आउने गरेको उल्लेख गर्दै यस्तो अवस्थाले डुङ्गा चालक भोकभोकै हिँड्नुपर्ने बाध्यता रहेको सुनाउनुभयो । "लामो समय यही पेसामा रहेकाले पेसा परिवर्तन गर्न मन पनि लागेन, आम्दानी पनि खासै छैन", उहाँले भन्नुभयो-"कोरोना महामारीले पोखराको पर्यटन व्यवसायमा समस्या ल्याएको थियो, त्योभन्दा बढी यतिबेला आर्थिक मन्दीले पारेको छ ।" स्थानीयलाई भन्दा बाहिरबाट आएर डुङ्गा चलाउने चालकलाई दैनिकी चलाउने कठिनाइ भएको उहाँको भनाइ छ ।

चाडपर्वको आगमनसँगै पर्यटकको सङ्ख्यामा वृद्धि हुने आशामा डुङ्गा व्यवसायी छन् । फेवा डुङ्गा व्यवसायी सङ्गठनका अध्यक्ष बलराम गिरीले सडक यातायातको जोखिमता, बर्खा, आर्थिक मन्दीजस्ता कारणले व्यवसायमा समस्या आएको बताउनुभयो । फेवातालको मध्यभागमा अवस्थित तालबाराही मन्दिरमा पर्यटक पुर्‍याएबापत प्रतिव्यक्ति एक सय रुपैयाँ र ताल घुमाएबापत एक घण्टाको नौ सय रुपैयाँ व्यवसायीले लिने गरेका छन् ।

फेवातालका बाराही, फिस्टेल, अम्बोट, गौरी, पहारी, स्वीमिङपुल, फेवा र बङ्लादी गरी आठ घाटमा सात सय ६७ डुङ्गा सञ्चालनमा छन् । ती घाटमा चार सय १० चालक रहेको र तीमध्ये २५ महिला रहेको उहाँले जानकारी दिनुभयो । फेवातालमा वर्षौदेखि डुङ्गा सञ्चालन हुने गरेको भए पनि संस्थागत र व्यावसायिक रुपमा भने २०५२ सालदेखि सञ्चालन हुँदै आएको अध्यक्ष गिरीको भनाइ छ ।रासस

# पाल्पामा थपिए एक वर्षमा ९७ उद्योग




रामपुर । पाल्पामा आर्थिक वर्ष २०८०/८१ मा ९७ वटा नयाँ उद्योग थपिएका छन् । जसमा उत्पादनमूलक आठ, कृषि तथा पशुपालन ४४, पर्यटन ३०, सेवासम्बन्धी १५ गरी ९७ वटा उद्योग दर्ता भएका हुन् ।

दर्ता भएका उद्योगमध्ये 'प्राइभेट फार्म' ९३ र साझेदारी फार्म चारवटा छन् । गतवर्ष ४३ महिला र ६० पुरुष गरी एक सय तीन जना उद्यमी थपिएका छन् । एक सय ८० महिला र दुई सय २७ पुरुष गरी चार सय सात जनालाई रोजगारी सिर्जना भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ । एक वर्षमा कार्यालयमा दर्ता भएका उद्योगमा रु २१ करोड ९८ लाख बराबरको पुँजी लगानी र सो उद्योगबाट रु १५ लाख ६४ हजार पाँच सय बराबरको कुल राजश्व प्राप्त भएको उद्यम विकास सहजकर्ता मनोज घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा चार सय ८३ उद्योगको नविकरण, एक सय ७७ उद्योगको लगत कट्टा, ८९ उद्योग पुँजी वृद्धि, ३३ उद्योगले प्रतिलिपि लिएको, तीनवटा उद्देश्य थप तथा परिवर्तन, नौ वटा नामसारी तथा ठाउँसारी गरिएको छ ।

कार्यालय स्थापनादेखि हालसम्म जिल्लामा तीन हजार आठ सय १७ उद्योग दर्ता भएका थिए । जसमध्ये उत्पादनमूलक छ सय पाँच, कृषि तथा पशुपालनसम्बन्धी एक हजार तीन सय ६८, पर्यटनसम्बन्धी एक हजार ३३ छन् ।

सोही आवमा वाणिज्य फार्म ९१ वटा दर्ता भएका छन् । जसमध्ये किराना र खाद्यान्नसम्बन्धी २७, हार्डवयर आठ, फेन्सी तथा कपडा १४, कस्मेटिक तथा जुत्ता १०, मदिरा तथा सुर्तिजन्य चार, भाँडाकुँडा तथा एलपि ग्याँससम्बन्धी दुई, कृषिसम्बन्धी दुई, सुनचाँदी चार, फर्निचर र फर्निसिङ्ग दुई, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स छ र अन्य १२ रहेका छन् । दर्ता भएका यी वाणिज्य फार्ममा रु १८ करोड १२ लाख बराबरको कुल पुँजी लगानी रहेको छ भने रु २१ लाख ३६ हजार सात सय कुल राजश्व प्राप्त भएको छ ।

गत आर्थिक वर्षमा छ सय ८९ वटा वाणिज्य फार्म नविकरण, एक सय ८६ लगतकट्टा, एक सय ५० पुँजी वृद्धि, ५१ वटा प्रतिलिपि, उद्देश्य थप र परिवर्तन २६, नामसारी र ठाउँसारी १० वटा रहेका छन् । गत आर्थिक वर्ष सम्ममा दर्ता भइ सञ्चालनमा रहेका फार्मको सङ्ख्या चार हजार तीन सय ३३ रहेका छन् । उद्योगतर्फ तीन हजार आठ सय १७ गरी कुल आठ हजार एक सय ५० फार्म रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आव २०७९/८० मा एक सय ४३ उद्योग खारेज भएका थिए । उद्योगतर्फ एक सय ४३ र वाणिज्यतर्फ एक सय ९४ फर्म खारेज भएका हुन् । आव २०७८/०७९ मा एक सय ८८ उद्योग र दुई सय ३९ फार्म खारेजी भएका थिए ।जिल्लामा उद्योग व्यवसायदर्ता गर्ने भन्दा खारेजी गर्नेको सङ्ख्या बढ्दै गएको छ । रु पाँच लाखसम्मको लगानीका उद्योग तथा व्यवसाय दर्ताको अधिकार स्थानीय तहलाई भएकाले व्यवसायीले घरेलु तथा साना उद्योग कार्यालयमा बन्द गरेर स्थानीय तहमा दर्ता गर्ने गरेका छन् ।

> आव २०७९/८० मा एक सय ४३ उद्योग खारेज भएका थिए । उद्योगतर्फ एक सय ४३ र वाणिज्यतर्फ एक सय ९४ फर्म खारेज भएका हुन् ।

कृषि तथा पशुपालनमूलक, पर्यटन उद्योग बढी मात्रामा खारेजी भएका छन् । आर्थिक मन्दीलगायत कारणले उद्योग व्यवसाय खारेजी भएका हुन् । घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग दर्ता गर्दा साधारण नागरिकलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ भने दलित, महिला र अपाङ्गता भएकालाई ७५ प्रतिशत छुट सुविधा उपलब्ध छ ।

प्रदेश सरकारले जारी गरेको कानुन बमोजिम रु पाँच लाख भन्दा कम पुँजीलगानी भएका उद्योग तथा वाणिज्य फार्म स्थानीय तहबाट नियमन गर्ने व्यवस्था भएकाले यस कार्यालयमा दर्ता भई सञ्चालनमा आएका उद्योग, व्यवसाय लगत कट्टा गरिन थालिएको हो । कार्यालयले सम्बन्धित उद्योगी, व्यवसायीलाई दोहोरो करको मारमा नपरुन् भनी जानकारी गराउँदै आएको छ ।

घरेलु कार्यालयसँग लघु, घरेलु तथा साना उद्योग मात्र दर्ता गर्न पाउने अधिकार छ । रु दश करोडसम्म पूँजी भएका उद्योगलाई साना उद्योग, दश करोडदेखि २५ करोडसम्म पूँजी भएका उद्योगलाई मझौला र २५ करोडदेखि माथिकालाई ठूला उद्योगका रुपमा वर्गीकरण गरिएको छ । दश करोड माथिका पुँजी भएमा उद्योग विभागमा पुगेर दर्ता गर्नुपर्ने प्रावधान छ ।रासस

# होटल व्यवसायबाट मनग्य आम्दानी

कञ्चनपुर । 'कोशिसस गर्नेहरुको हार कहिल्यै हुदैन' भन्ने भनाइ शुक्लाफाँटा नगरपालिका १० झलारीमा होटल व्यवसाय सञ्चालन गर्दै आउनु भएका २८ वर्षीय रमेशबहादुर रावलको जीवनमा चरितार्थ हुन्छ ।अठार वर्षको उमेरमै होटल व्यवसाय सञ्चालन गरेका रावल मिहिनेती व्यवसायीका रुपमा परिचित छन् । विहान छ बजे देखि साँझ नौ बजे सम्मको समय रावलको होटलमै ग्राहकको सेवा सत्कारमा वित्ने गरेको छ ।




उहाँले होटल व्यवसाय सञ्चालन गरी दैनिक रु ३० हजार बढीको कारोवार गर्दै आउनु भएको छ । होटलमा कार्यरत कामदारको ज्याला, आवश्यक खाद्य सामग्री लगायतको खर्च कटाएर रु पाँच हजार देखि रु सात हजार सम्म रावलले दैनिक आम्दानी गर्दै आएका छन । नम्र स्वभावका रावलको होटेलमा निर्माण क्षेत्रमा काम गर्ने मजदुर, कर्मचारी, यातायात क्षेत्रमा काम गर्ने व्यक्ति ग्राहकका रुपमा रहने गर्दछन । "महिनामा रु २० देखि रु २५ लाख सम्मको होटलबाट कारोवार हुने गरेको छ" उहाँले भन्नुभयो, "त्यसबाट रु दुई लाख जति महिनाको आम्दानी हुन्छ ।"

होटेलको कमाईबाटै रावलले घर खर्च संगै औषधोपचार, लुगाफाटो, खाद्यान्न लगायतको व्यवस्था मिलाउदै आएका छन । होटेल व्यवसायको शुरुवात रमेशका बुवा धन बहादुरले विसं २०६५ साल देखि शुरु गरेका हुन । रु १० हजार लगानी गरी खोलिएको होटलमा रावलले हाल रु २५ लाख लगानी गरेका छन । "चिनजानका व्यक्तिहरुबाट ऋणका रुपमा र सापटी रकम लिएर बुवाले होटलको शुरुवात गरेका हुन" उहाँले भन्नुभयो, "थोरै लगानी हुदा ग्राहक शुरुमा कमै मात्रै आउथे, आम्दानी पनि थोरै थियो, घर खर्च चलाउनै मुश्किल थियो, शहरीकरण बढदै गएपछि होटेलमा खाना खान र नास्ता गर्नका लागि ग्राहक थपिदै जादा आम्दानी बढयो ।"

"बुवाले पुरानै तरिकाले होटल सञ्चालन गर्दा थोरै ग्राहक आउने भएकाले समय अनुसार होटललाई नयाँ व्यवस्थापन गरी लैजानु पर्छ भन्ने सोच पलायो त्यही अनुरुप होटल सञ्चालन गरेपछि ग्राहकले खाना र नास्ता रुचाउन थाले, त्यस पछि आम्दानी पनि बढदै गएको छ" उहाँले भन्नुभयो । होटलमा गरिएको लगानी आम्दानी भएको रकमबाट थप्दै अगाडी बढाउदै लग्दै आएको उहाँ बताउनुहुन्छ । अरुलाई होटल व्यवसाय गरी सहज जीवनयापन गरेको देख्दै आएपछि यसै पेशाप्रतिको लगाव बढदै आएको उहाँ बताउनुहुन्छ ।

स्थानीयवासी हेमराज पाण्डेयले अन्य होटेलको तुलनामा सफा सुग्घर र सस्तो रुपमा खानाका परिकार पाईने भएकाले खाना खानका लागि रावलले सञ्चालन गरेको होटेललाई रोजेको बताउनु भयो । "ग्राहक पुग्दा मुस्कुराउने, नम्र स्वभावमा कुरा गर्ने होटल सञ्चालकको बानीले लोभ्यायो" उहाँले भन्नभयो, "खानाका परिकार घरमा बनाईने जस्तै मौलिक पाईने भएकाले यहाँ पुग्छु ।" होटल व्यवसायसंगै रावलले स्नातक व्यवस्थापन संकाय अर्न्तगतको शिक्षा पनि हासिल गरेका छन । होटलकै कमाईबाटै झलारी बजारमै रु ५० लाख बढी पर्ने एक कठ्ठा जग्गा खरिद गरी त्यसमा १० कोठे पक्कि घर निर्माण गरेका छन । होटल व्यवसायसंगै रावल सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय भएर लाग्ने गरेका छन । दिन दःुखिलाई उहाँले आर्थिक सहयोग गर्दै आएका छन् ।

कञ्चनपुर होटल व्यवसायी संघका उहाँ कार्यसमिति सदस्य हुनुहुन्छ । शुक्लाफाटाँ उद्योग बाणिज्य संघका सदस्य रहेका छन । "प्लस टु पास गरेपछि युवाहरु विदेशीने लहर चलेको छ" उहाँले भन्नुभयो, "कमाई गर्नकै लागि विदेश जानुनै पर्दैन, लगनशिल भएर कार्य गरे विदेशको भन्दा बढी कमाई स्वदेशमै गर्न सकिन्छ । त्यसका लागि धैर्यता चाहिन्छ, ग्राहको विश्वास जित्न सक्नु पर्छ, इमान्दारीतापूर्वक जुनसुकै कार्य गरेपनि महिनामा गतिलो कमाई गर्न सकिन्छ" उहाँ भन्नुहुन्छ । रावलको जस्तै पूर्व पश्चिम राजमार्ग क्षेत्रको झलारीमा होटल व्यवसाय सञ्चालन गरेका अन्य व्यवसायीको पनि आम्दानी मनग्यनै रहेको छ ।रासस

# कर वृद्धिको विरोधमा व्यवसायीद्धारा व्यवसाय बन्द

बागमती । कर वृद्धिको विरोधमा व्यवसायीले आफ्नो व्यवसाय बन्द गरी हेटौंडा उपमहानगरपालिका कार्यालय अगाडि धर्ना बसेका छन् । मकवानपुर उद्योग वाणिज्य सङ्घको आह्वानमा व्यवसायीले आ-आफ्ना व्यवसाय बन्द गरेर उपमहागरपालिका कार्यालय अगाडि धर्ना बसेका हुन् । सो क्रममा व्यवसायीले सटरको करमा २० देखि १५० प्रतिशतसम्म राजस्व वृद्धि गरेकोले आन्दोलनमा मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णगुप्ता अग्रवालले बताउनुभयो । राजस्व वृद्धिको निर्णय नसच्याएसम्म आफूहरु आन्दोलन जारी राख्ने उहाँको भनाइ छ । यता हेटौंडा उपमहानगरपालिकाले करको दरमा गरिएको हेरफेरको निर्णयबाट पछि हट्न नसक्ने जनाएको छ ।




साँचोसमेत उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई बुझाएका छन् । हेटौंडा उपमहानगरपालिकाको नगरसभाले अर्थसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ पारित गर्दै करको दरमा वृद्धि गरेको विरोधमा व्यवसायी आन्दोलित भएका छन् ।

विश्वव्यापी आर्थिक मन्दीका कारण व्यापार व्यवसाय सङ्कटमा परेका बेला हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा घरवहाल करदेखि व्यवसाय

उपमहानगरपालिकाका प्रवक्ता सविनन्यौपानेलेउपमहानगरपालिकाको १५औं नगरसभाले अर्थ सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ पारित गरी जारी भइसकेको अवस्थामा व्यवसायीले उठाएको माग सम्बोधन गर्न नसकिने बताउनुभयो । "स्थानीय सरकारले आर्थिक ऐन जारी गरेपछि करको दरमा तत्काल हेरफेर गर्न सकिँदैन", उहाँले भन्नुभयो, "अब आगामी आर्थिक वर्षमा के गर्न सकिन्छ भन्ने बिषयमा छलफल गरी टुङ्गो लगाउन सकिन्छ ।" यसका लागि पहल भइरहेको उहाँको कथन छ ।रासस

# एक करोड ५० लाखको लगानीमा कुखुरापालन

गलकोट । बाह्र वर्ष कतारमा श्रम गरेर स्वदेश फर्कनुभएका बागलुङ नगरपालिका-७ कालीमाटीका ४० वर्षीय ओमराज शर्माको कृषि फार्ममा अहिले तीन हजार लेयर्स जातका कुखुरा छन् । छ हजार कुखुरा पाल्नमिल्ने फार्म बनाउनुभएका उहाँले तीन हजार चल्ला थप्ने तयारी गर्नुभएको छ ।



एक करोड ५० लाखको लगानीमा ग्रिन ल्याण्ड बहुउद्देश्यीय कृषि फार्म स्थापना गरेर सञ्चालनमा ल्याइएको फार्म कालिमाटीको ४३ रोपनी जग्गामा फैलिएको छ । फार्ममा गाई र बाख्रा पनि पालिएको छ । उहाँले यसरी काम थालेको पाँच वर्ष भयो । सामूहिक रूपमा थालिएको फार्म पछिल्लो तीन वर्षदेखि शर्माले एक्लै सञ्चालन गर्दै आउनुभएको छ ।

"कुखुरापालन व्यवसाय निकै जोखिपूर्ण हुन्छ, छ महिनासम्म हुर्काएका कुखुराले फूल पार्न थालेपछि आम्दानी हुन्छ, त्यो समयसम्म लगानीमात्र गर्ने हो, बजार अस्थिर छ, अण्डाको मूल्यमा उतारचढाव हुन्छ, तर हिम्मत हारिएन अहिले फार्मलाई जिल्लाकै ठूलो अण्डा उत्पादन गर्ने फार्मका रूपमा चिनाउन सफल भएको छु", उद्यमी शर्माले भन्नुभयो । उहाँको फार्ममा प्रत्यक्ष रूपमा चारजनाले रोजगारी पाएका छन् । अहिले दैनिक तीन हजार अण्डा बागलुङमा खपत भइरहेको छ । तीन हजार कुखुरा हुर्काएर अण्डा दिने बनाउन रु २५ लाख लाग्ने बताउँदै उद्यमी शर्माले व्यावसायिक रूपमा गाई र बाख्रा पाल्ने योजना सुनाउनुभयो ।रासस

## महोत्तरी जिल्ला अदालतबाट जारी भएको २१ दिने सूचना

**फाँट-प्रमाणिकरण शाखा**

**मुद्दा नं.-०८१-०१-०००१**

**मुद्दाः- मृत्युको न्यायिक घोषणा गरी पाउँ ।**



श्री महोत्तरी जिल्ला अदालतबाट जारी भएको जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं.- ९ मा बस्ने विकाउ महतोको नाती सेवाराम महतोको छोरा अ. वर्ष ५१ को रामनन्दन महतो कोइरीको मृत्युको न्यायिक घोषणा सम्बन्धी हकवाला नाउँको २१ (एकाइस) दिने म्याद.................................................

उप्रान्त निवदेक जि.म. बर्दिबास नगरपालिका वडा नं. ९ मा बस्ने निवेदक रासो देवी कोइरीले मेरो पति बेपत्ता भएको र निज हालसम्म फेला नपरेकाले मृत्युको न्यायिक घोषणा गरी पाउँ भनि यस अदालतमा निवेदन दिएकोमा यस अदालतबाट मिति २०८१/०४/२१ गतेको आदेशानुसार रामनन्दन महतो कोइरी नाउँको २१ (एकाइस) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ । रामनन्दन महतो कोइरी जीवित भई मृत्युको न्यायिक घोषणा गर्नुपर्ने कारण भए म्याद प्रकाशित भएको मितिले ७ ( सात) दिन भित्र यस अदालतमा हाजिर हुन आउनु होला । अन्यथा कानून बमोजिम हुने छ ।

ईति सम्बत् २०८१ श्रावण ३२ गते रोज ६.....................


## जय हनुमान ह्युम पाईप एण्ड पोल उद्योग

**ब्रह्मपुरी गा.पा.-४, त्रिभुवननगर, सर्लाही**

Concrete products manufacture & Suppliers of RCC Spun Pipes of PSC Pole and Inter lock Block

यहाँ ह्युम पाईप, विद्युत पोल, इन्टरलाँक ब्लाँक पाईन्छ ।

**Price List of RCC Hume Pipe And Pole**

NP3 class Reinforced Concert Heavy Duty Non Pressure Pipe and Pole

PLUSE JOIENT


| S. N. | Size MM | Size Inch | Rate Per Pipe |
|---|---|---|---|
| 1 | 200 | 8 | 4885 |
| 2 | 250 | 10 | 6035 |
| 3 | 300 | 12 | 8790 |
| 4 | 400 | 16 | 11235 |
| 5 | 450 | 18 | 13161 |
| 6 | 500 | 20 | 14670 |
| 7 | 600 | 24 | 17350 |
| 8 | 750 | 30 | 24410 |
| 9 | 900 | 36 | 31125 |
| 10 | 1000 | 40 | 34425 |
| 11 | 1200 | 48 | 41290 |
| 12 | 1400 | 56 | 65100 |

SPI GOT & COLLAR SOCKET

| S. N. | Size MM | Size Inch | Rate Per Pipe |
|---|---|---|---|
| 1 | 200 | 8 | 5373.5 |
| 2 | 250 | 10 | 6638.5 |
| 3 | 300 | 12 | 9669 |
| 4 | 400 | 16 | 12358.5 |
| 5 | 450 | 18 | 14477.1 |
| 6 | 500 | 20 | 16137 |
| 7 | 600 | 24 | 19085 |
| 8 | 750 | 30 | 26851 |
| 9 | 900 | 36 | 34237.5 |
| 10 | 1000 | 40 | 37867 |
| 11 | 1200 | 48 | 45419 |
| 12 | 1400 | 56 | 71610 |

Rate List Pole

| S. N. | Size Size | Size Thick | Thin |
|---|---|---|---|
| 1 | 8m | 7000.00 | 6500.00 |
| 2 | 9 m | 8700.00 | 7000.00 |
| 3 | 11 m | 13500.00 | |



**Terms & Conditions Regarding the Above Price :-**

1. Vat will be charged 13% on the above mentioned price.
2. The standard length of pipe is 2.5 miters.
3. The transportation will be charged 0 to 50km. @ 10%, 100 km 15% and 100 to 200 km @ 20% on the above mentioned price.
4. Load and Unload will be as 10% of total cost.
5. Pole Transportation will be charged per pole 1000/-

**FOR DETAILS CONTACT TO**

रमेश कुमार शर्मा ९८५४०३३५३६, ९८०१०३३५३६

चन्देश्वर महतो ९७६२८००८९७

## मुख्यमन्त्री र मन्त्रीहरूबीच करारनामा



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मन्त्रीहरूसँग कार्यसम्पादनका लागि करारनामा गरेका छन् ।

शुक्रबार मुख्यमन्त्री सिंहले केन्द्रको सुइको गर्दै आर्थिक वर्ष ०८१/०८२ को वार्षिक कार्यक्रम कार्यान्वयनका लागि ११ जना मन्त्रीसंग कार्यसम्पादन सम्बन्धी करार सम्झौता-पत्रमा हस्ताक्षर गरेका छन् ।

उनले कार्यसम्पादनका लागि करारनामा गरेका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जर्नादनसिंह क्षेत्री, शिक्षा तथा सँस्कृति मन्त्री रानी शर्मा, गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंह, अर्थमन्त्री सुनिलकुमार यादव, खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोदकुमार जायसवाल, वन तथा वातावरण मन्त्री त्रिभुवन साह, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँसंग मुख्यमन्त्री सिंहले करारनामा गरेका छन् ।

श्रम तथा यातायात मन्त्री कौशलकिशोर रायले करारनामामा हस्ताक्षर गरेनन् ।

करार सम्झौतामा मन्त्रालयका नीतिगत विषयहरूलाई वार्षिक कार्यक्रमसंग आवद्ध गरेर कार्यसम्पादन सूचक र मूख्य नतिजा क्षेत्र सूचक खुल्नेगरी मन्त्रालयका संयन्त्रमार्फत भदौ १५ भित्र कार्यसम्पादन सहितको विवरण तयारी तथा स्वीकृत गर्नुपर्ने विषय उल्लेख छ ।

कार्यसम्पादन विवरणमा सरोकारवाला मन्त्रालयका कार्यक्रम, क्रियाकलापको सूची र कार्यान्वयनको समयसीमा उल्लेख रहने जनाइएको छ । कार्यसम्पादन सम्झौतासम्बन्धी करारनामपछि मुख्यमन्त्री सिंहले कार्यसम्पादन सम्झौता भएपछि मन्त्रालयका काममा प्रगति, पारदर्शिता र समयवद्धता कायम हुने बताए । सम्झौता कार्यान्वयनबाट मासिक, चौमासिक तथा वार्षिक कार्यसम्पादन मूल्यांकन हुने भन्दै त्यसबाट मन्त्रालयमा काम भएका वा नभएका र नभएका कारण तथा जिम्मेवार व्यक्तिको पहिचान गर्न सकिने उनको भनाइ छ ।

उनले कार्यसम्पादनका लागि भएको करारनामाबाट कर्मचारीले दायित्वबोध गर्ने बताए । प्रदेशका प्रमुख सचिव लोकनाथ पौड्यालले भदौ १५ भित्र कार्यसम्पादनका मुख्य सूचक तथा मुख्य नतिजा क्षेत्र निर्धारणसहितको विवरण तयार तथा स्वीकृत भएपछि सम्झौताको प्रक्रिया पुरा भएको मानिने बताए ।

## आँपको बगैंचा काटेर बिजुलीबत्ति

ब्लग :



श्यामसुन्दर शशि

विनोबाभावे भारतका सुप्रसिद्ध सामाजिक तथा राजनीतिक अभियन्ता थिए । महात्मा गांधीको उत्तराधिकारी मानिने भावे भारतीय स्वतन्त्रता आन्दोलनमा अहम् भूमिका निर्वाह गरेका थिए । राष्ट्र निर्माणको लागि भू-यज्ञ (आन्दोलन) गरेका थिए । श्रीमद्भागवत गीतालाई आफ्नो जीवनको आधार मान्ने विनोबाभावे ‘गीतातत्व’ नामले गीताको टिका पनि लेखेका थिए, जो अत्यन्त लोकप्रिय भयो । खासमा कर्मयोगको विषयमा उहाँले प्रस्तुत गर्नु भएको यस उदाहरणको निकै चर्चा भएको थियो ।

विनोबा लेख्नु भएको छ- नगरबाट टाढा एउटा सुन्दर गाउँ थियो । गाउँलेहरुको मुख्य पेशा कृषि थियो । वर्षा, बाढी, सुखा, अनिकालबाट जुध्नु परे पनि उनीहरु औँधी प्रशन्न थिए । एक दिन गाउँमा एउटा साहुकार आए । उनले ठुलो उद्योग स्थापना गर्ने भन्दै किसानहरुसंग जग्गा भाडामा मागे । साहुकार खेतमा उत्पादन हुने बालीभन्दा दोब्बर भाडा दिने प्रलोभन दिएका थिए । अधिकांश किसान साहुकारको शर्त मानेर जग्गा भाडामा दिए । तर एक जना किसानले बूबासंग सोधेर मात्र जग्गा भाडामा दिने भन्दै सल्लाह गर्न घर गए । बूवालाई घर बसि-बसि खेतको उब्जनीभन्दा बढि आम्दानी हुने साहुकारको शर्त सुनाए । एकछिन चुप्प लागेर उनको बुबाले भने छन्- ‘खेत भाडामा दिएपछि हामी स-परिवार के गर्ने ?’ छोराको जवाफ थियो- ‘दोब्बर आम्दानी भएपछि मिठो-मसिनो खाएर बस्ने ।’ बुढा, कृष्णले अर्जुनलाई गीताको ज्ञान दिए जस्तै छोरालाई सम्झाउँदै भन्नु भयो- ‘बेटा हामी खेत भाडामा दियौं भने चारै ऋतुको आनन्द लिन सक्दैनौं । अनिकालको दुःख र वर्षाको खुसीको अनुभव गर्न सक्दैनौं । खेतको लहलहाउँदो बाली देखेर मख्ख पर्ने अनि बगैंचामा कू कू बोलेर दुःख हरण गर्ने कोइलीको स्वरबाट वञ्चित हुन्छौं । गाई-गोरुको सेवा र ममत्वबाट वञ्चित हुन्छौं । कर्मयोग भनेको काममा रमाउँनु हो, बेटा । घरमा बसि बसि मिठो मसिनो खानेहरु खुसीहुनै सक्दैनन् । त्यसैले अरुले जेसुकै गरुनहामी सपरिवारखेतीमै रमाउँछौं । साहुकारलाई खेत भाडामा दिन्नौं ।’

सुस्वादु ‘आँपगाउँ’को रुपमा चर्चित तथा नेपाल सरकारले ‘आँप पकेट’ घोषणा गरेको धनुषको बटेश्वर गाउँपालिका-१ स्थित चित्रपुरका किसानहरु आज जन्दा देवी सोलार प्रा.लि. नामक यस्तै साहुकारको प्रलोभनमा फँसेका छन् । चित्रपुरमा लहलहाउँदो ८० विघामा फैलिएको आँपको बगैंचा मासेर सौर्य



प्लान्ट स्थापना गर्ने लगभग पक्का भएको छ । केही किसान राजिखुसी प्रतिकठा ८ हजार रुपैयाँ वार्षिक पाउँने लोभमा जन्दा देवी सोलार प्रा.लि.संग जग्गा भाडामा दिने समभ्ौता गरिसकेका छन् । केही सम्झौता गर्ने क्रममा छन् । कर्मयोगमा विश्वास गर्ने एक-आध किसान आँपको बगैंचा मासेर सोलार प्लान्टको लागि जग्गा भाडामा नदिने अडानमा पनि छन् ।

आँपको कथा सुन्न दुई वर्ष अघि म पनि चित्रपुर पुगेको थिए । प्रिय संचारकर्मी भाईहरु शैलेन्द्र क्रान्ति, जीतेन्द्र सिंह कुशवाहा, रोहित महतो, फुलगेन महतो, दीपेन्द्र सिंह कुशवाहाको साथमा सिंगै गाउँ डुलेको थिए । ताजा र गछपक्कु आँप, कटहल र लिचीको स्वाद चाखेको थिए । फर्किने बेला आँप, कागती, कटहल ‘सनेस’ बोकेर घर फर्केको थिए । त्यतिबेला गाउँलेहरुले सुनाउँनु भएको आँपको बगैंचा लगाउँने अभियानबारेको कथा-व्यथा आज ताजा भएर आएको छ । चुरे फेदको चारकोसे जंगल फडानी गरेर करिब आठ दशकअघि चित्रपुर, हरिहरपुर, दिगम्बरपुर, शान्तिपुर, कालिपुर, बटेश्वर, जमुनिवास, बेंगाडावर आदि गाउँ बसालिएको थियो । नयाँ माटो उब्जाउ हुने भए पनि पानीको स्रोत थिएन । आकाशे पानीको भरमा खेती हुन्थे । नजिकको बढहरी, बिगही, सुखजोड लगायतका नदी तथा खोलामा पानी त हुन्थ्यो, तर पानी खेतसम्म ल्याउने कुलो थिएन । खानेपानीको समेत कठिनाई भएको बेला सिँचाइको लागि पानीको जोहो कसले गर्ने ? पूल्य देव महतोले भन्नु भएको मलाई अझै पनि स्मरण छ- ‘त्यतिबेला गाउँमा मकै, कोदो, तरुल आदिको खेती मात्र हुन्थे । जंगली बंगुर र निलगाईको उत्पात पनि त्यतिकै थियो । मिहिनेत गरेर लगाएको बाली जंगली जनावर नष्ट गरेर जान्थे । गाउँमा यतिसम्म गरिबी थियो, कि अर्को गाउँका मानिसहरु यस गाउँमा छोरी दिन मान्दैन्थे ।अनि पानीको आभाव र जंगली जनावरको उत्पातबाट जोगिन गाउँका अगुवाहरुले सामुहिक आँप खेती गर्ने निधो गरेका थिए । ग्रामीणहरुको सहमतिमा २०१६/०१७ सालतिर म र हिराई महतो जनकपुरधामबाट विरुवा ल्याएर पहिलो पटक आँपको बोट रोप्यौं । विरुवा सप्रिन थालेपछि अर्को वर्षदेखि सबैले रोप्न थाले ।’

चित्रपुरका बुढा पाकाहरुका अनुसार, आँप, लिचि, कटहर, कागती, सीताफल, सरीफासंगै तरकारी खेती यस गाउँको पहिचान मात्र होइन, आर्थिक आधार हो । गाउँ स्थापनाको इतिहास हो । तर आज चित्रपुरको हरियो इतिहास माथि सौर्य प्यानेलको चम्किलो तलवार झुण्डिएको छ । स्थानीय कुशेश्वर महतो सामाजिक संजालमा आँप खेती र सोलार प्यानल स्थापना गर्दा किसानहरुलाई हुने लाभ र हानीको लेखा-जोखा प्रस्तुत गर्नु भएको छ । उनले लेखेका छन्- १ कठा जग्गामा ४ वटा आँपको रुख रोप्न सकिन्छ । एउटा रुख सरदर ३०० किलो फल दिन्छ । यसरी १ कठ्ठामा सरदर १ हजार २ सय केजी आँप उत्पादन हुन्छ । प्रति केजी २० रुपैयाँकै दरले बिक्री भए पनि किसानहरुले १ कठ्ठामा २४ हजारसम्म आम्दानी गर्न सक्छन् । जबकी जन्दा देवी सोलार प्रा.लि.प्रति कठ्ठा ८ हजार दिने सम्झौता गरेको छ । कुशेश्वर महतोकै हिसाबलाई आधार मान्ने हो भने सोलार प्लान्ट स्थापना भएपछि चित्रपुरमा प्रति कठ्ठा ४ बोटको हिसाबले ८० विघामा लगाइएका ६ हजार ४ सय आँपको रुख काटिने छ ।

हो, सरकारी उपेक्षाका कारण आँप, कटहल, सरिफा, कागती, सीताफल आदि उत्पादन गर्ने किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउँन सकेका छैनन् । ती उत्पादनहरु समयमा बाजारसम्म पुग्न सकेका छैनन् । कोल्ड स्टोरको आभावमा फलफूल लामो समयसम्म टिक्न सक्दैन । किसानहरु परिश्रम अनुसारको आम्दानी पाउँन सकेका छैनन् । चित्रपुरवासी आँपलाई व्यवसायीकरण गर्न यस वर्ष आँप महोत्सव आयोजन गरेका थिए । तर किन हो कुन्नी तीनै तहको सरकारको ध्यान चित्रपुरका किसानसम्म पुग्न सकेन ।

रुख कटानी तथा पर्सा वनजन्तु आरक्षका जनावरहरुको बास स्थानलाई क्षति पुऱ्याएर हवाई अड्डा निर्माण गर्नु हुन्न भन्ने पर्यावरण अभियन्ताहरुको विरोधको कारण राष्ट्रिय गौरवको निजगढ अन्तर र्राष्ट्रिय विमानस्थलको निर्माण कार्य झण्डै तीन दशकदेखि अवरुद्ध छ । तर धनुषा चित्रपुरमा ८० बिघा आँपको बगैंचा मासेर बन्न लागेको सोलार प्लान्टबारे पर्यावरण अभियन्ता तथा तीनै तहका सरकारको मौन छन् । यसै पनि चुरे विनासको कारण नदी, पोखरी, इनार सुक्ने भएर खानेपानी समेतको हाहाकार हुने चित्रपुरमा रुख मासेर सोलार प्यानेल बनाउँदा पर्यावरणको अवस्था के होला ? ती नदी, पोखरी र इनारहरुको अवस्था के होला ?

## कोशी नामकरणविरुद्ध आन्दोलन परिचालन समिति गठन

**टुडे समाचारदाता**

विराटनगर । जनता समाजवादी पार्टी (जसपा) नेपालले कोशी नामकरणको विरोधमा आन्दोलन परिचालन समिति गठन गरेको छ ।

केही दिन अघि सम्पन्न जसपा नेपाल केन्द्रीय समितिको बैठकबाट कोशी प्रदेश नामकरणको विरुद्धमा भइरहेको राष्ट्रिय पहिचानको आन्दोलनलाई समन्वय गरी आन्दोलनलाई अगाडि बढाउन समिति गठन गरेको छ ।

केन्द्रीय कार्यकारिणी समिति सदस्य रकम चेम्जोङको संयोजकत्वमा ९ सदस्यीय आन्दोलन परिचालन तथा समन्वय समिति गठन गरेको




नेता पूर्ण बस्नेतले जानकारी दिए ।

सो समितिको सदस्यहरुमा केन्द्रीय सदस्यहरु राजकुमार राई, जयराम यादव, डा. के.के राई, लाक्पा शेर्पा, मच्छिन्द्र बेघा, शशी लिङ्देन, कुन्ता राई र पार्टीका कोसी प्रदेश समिति अध्यक्ष दीपक याक्खा रहेका छन् ।

त्यस्तै केन्द्रीय समितिको बैठकले पहिचानको आधारमा प्रदेशको नामकरणका लागि आन्दोलनको विकल्प नभएको निष्कर्ष निकाल्दै संघर्ष समिति गठन गरेको छ।

## दुई बालिकाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा डुबेर दुई बालिकाको मृत्यु भएको छ ।

शुक्रबार जिल्लाको मिथिला विहारी नगरपालिका- ९ स्थित जलाद खोलामा डुबेर स्थानीय ९ वर्षीया स्मृति यादव र लक्ष्मीनिया गाउँपालिका- ३ की १० वर्षीया सन्ध्या यादवको मृत्यु भएको धनुषा प्रहरीका प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिए । बालिका सन्ध्या यादव आफन्तको घरमा आएको बेला दिउँसो नुहाउन गएको अवस्थामा डुबेकी थिइन् ।

दुवै जनाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । भने घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## कृषि तथा पशु सेवा केन्द्र खुल्दै मेयर साहले गरे भवनको शिलान्यास




**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरमा कृषि तथा पशु सेवा केन्द्र खुल्ने भएको छ ।

जिल्लाको गौर नगरपालिका क्षेत्रका किसानहरुको सहजताका लागि केन्द्र सञ्चालनमा ल्याउन लागिएको छ । आधुनिक तवरवाट परिक्षण गरिने कृषि तथा पशु सेवा केन्द्रको भवन निर्माण गर्ने हेतु शुक्रवार एक समारोहका बीच गौर नगरका मेयर शम्भु साहले शिलान्यास गरेका छन् ।

गौर नगरपालिका वडा नम्वर १ तरकारी बजार स्थित स्वास्थ्य कार्यालय छेउमा आज आयोजित एक कार्यक्रमका बीच नगरका मेयर साहले कृषि तथा पशु सेवा केन्द्र भवन निर्माणका लागि शिलान्यास गरेका छन् ।

२०८२ वैशाख मसान्त भित्र निर्माण कार्य सम्पन्न गरिसक्नुपर्ने उद्देश्यका साथ शिलान्यास गरिएका उक्त भवनमा माटो परिक्षण, पोखरीको पानी परिक्षण, विउँ परिक्षण, यार्ला तथा फलफुलमा लाग्ने रोग किराको परिक्षण, मलखाद्य परिक्षण कृषि तर्फ गरिने जनाइएको छ ।

यसैगरी पशु प्रयोगशाला तर्फ गोबर परिक्षण, पशुको रगत तथा पिशाव परिक्षण, पशुको शल्यक्रिया, कृत्रिम गर्भाधारण, पशुको अल्ट्रासाउण्ड, एक्स्रे लगायतका सुविधा सम्पन्न प्रयोगशाला निर्माण गरिनका लागि भवनको शिलान्यास गरिएको छ ।

संघीय सरकारको बजेटबाट सिएम कन्ष्ट्रक्सन जोरपाटी काठमाडौंले २ करोड ३० लाख ४० हजारमा टेण्डर सकार गरेर २०८२ बैशाख मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

सो भवनको भुई तल्लामा दुई वटा ल्याब, कृषि र पशुको, पहिलो तल्लामा सेमिनार हल जसमा ५० जनाको क्षमता भएको तथा दोश्रो तल्लामा गेष्ट हाउस बन्ने जानकारी दिदै गौर नगरपालिकाको मेयर शम्भु साहले गौरबासीका लागि सुखद सन्देश रहेको बताए ।

शिलान्यास कार्यक्रममा बोल्दै उनले किसानलाई कृषि र भेटेरीनरी का सेवाहरु दिने उद्देश्यका साथ नगरमा उक्त केन्द्रको भवन निर्माण थालिएको बताए । उनले सो भवनबाट ल्याबसहितका सेवाहरु दिन सकिने बताए ।

उनले भने, ‘यो भवन यहाँ ल्याउनका लागि सुरुदेखी नै पहल थियो, जे होस ल्याउन सफल भयौं’ उनले अघि थप्दैं भने, ‘यसको निर्माणले भोलीका दिनमा यहाँका किसानहरुले मात्रै नभई आसपासका पालिकाहरुका किसानहरुले पनि ल्याब सहितको कृषि सेवा प्राप्त गर्ने छन् भन्ने विश्वास लिएका छौ ।’

सो शिलान्यास कार्यक्रममा उपमेयर सिलादेवी साह, प्रमुख प्रशासकीय अधिकृत सुभाष ठाकुर, वडाध्यक्षहरु लालबाबु जयसवाल, विनोद जयसवाल, शिवशंकर यादव, हरिशंकर पाण्डे, लगायतका नेता एवं कर्मचारीहरुको उस्थिति रहेको गौर नगरपालिकाको प्रवक्ता एवं वडा नम्वर ९ का वडाध्यक्ष अर्जुन सिंहले जानकारी दिए ।

## राजविराज-छिन्नमस्ता सडक निर्माण नहुँदा जोखिमपूर्ण यात्रा

**टुडे समाचारदाता**

राजविराज । प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल रहेको सप्तरीको छिन्नमस्तासम्म पुग्ने राजविराज-छिन्नमस्ता सडकखण्ड निर्माण कार्य पूरा नहुँदा स्थानीयवासीहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

सो सडकखण्ड दुई वर्ष देखि भत्केर लथालिंग अवस्थामा रहेको हुँदा महँगोरुपमा जोखिम यात्रा बाध्य छन् ।

मरम्मत सम्भार तथा पुर्ननिर्माण प्रति देखिएको उदासिनताका कारण यात्रुहरुलाई सास्ती हुने गरेको छ भने सो सडकखण्डमा दिनहुँ जसो दुर्घटना हुँदै आएको छ ।

भारतीय दर्शनार्थीहरुसमेत ठूलो संख्यामा आउने गरेको छिन्नमस्ता भगवती मन्दिरमा सदरमुकाम राजविराजबाट जान पनि बाटोको कारणले सास्ती खेप्नु परेको राजविराज- ६ का उमाकान्त साह बताउँछन् ।



भारतीय सीमावर्ती क्षेत्र नेउरबाट २ किलोमिटर उत्तरतर्फ अवस्थित छिन्नमस्ता भगवती मन्दिर राजविराजबाट १० किलो मिटर दक्षिणमा पर्दछ । बाटो राम्रो हुँदा ३० रुपैयाँ भाडा लाग्ने गरेको थियो । तर अहिले ७० रुपैयाँ तिरेर सास्ती खेप्नु परिरहेको राजविराज- ७ का राजु देवले गुनासो गरे । विभिन्न ठाउँमा खाल्डो हुनुका साथै पानी जमेर पोखरी बनेपछि थप समस्या भएको यात्रुहरुको गुनासो छ । अर्को तर्फ सवारी साधनबाट यात्रु ओराल्दै चढाउदै लैजानु परेको टेम्पो व्यवसायी सत्यनारायण चौधरी बताउँछन् ।

कुनै बेला पनि दुर्घटना हुन सक्ने भएका कारण जोखिम मोलेर सवारी साधन चलाउनु परेको उनको कथन छ । पहिला वस सेवा संचालन रहेको भएपनि बाटो विग्रेका कारण अहिले वस संचालन बन्द रहेको छ ।

अटोरिक्सा र सिटी रिक्साका भरमा यात्रा गर्दा पनि अत्यन्त सकस हुने गरेको दर्शनार्थीहरु बताउँछन् । बाटो बिग्रेका कारण १० किलोमिटर यात्रा तय गर्न १ घण्टा भन्दा बढी लाग्ने गरेको उनीहरुको भनाइ छ ।

“वर्षौ देखि आवत जावतमा सास्ती भोग्यौ, दुई वर्ष अघि सडकको काम सूरु भएपछि सहज होला भनेर खुशी भयौ, छिन्नमस्ता गाउँपालिका- ६ का विनोद यादवले भने- तर दुई वर्ष वितिसक्दा सडक बन्न त परै जाओस खाल्डा खुल्डी समेत मरम्मत गरीएको छैन ।”

सडक विभागले टेण्डर खोलेर ठेक्का दिएको पनि दुई वर्षबढी भइ भए पनि ठेकेदारको लापरबाहीलेपनिसमस्यानिम्त्याएको जनप्रतिनीधीहरु बताउँछन् ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी सहितको टोली सडक मरम्मतको माग गर्दै लाहन स्थित सडक डिभिजन कार्यालयमा गत असार ३० गते धर्ना समेत वसिसकेका छन् । दशैं आउँदै गर्दा छिन्नमस्ता दर्शन आउने दर्शनार्थीहरुले सास्ती भोग्नु न परोस् भनेर छिट्टै सडक मरम्मतका लागि केन्द्र समक्ष ध्यानाकर्षण गराउँदा समेत अहिले सम्म संतोषजनक काम अघि नबढेको उनले गुनासो गरे ।

सम्बन्धित निकायको कमजोरीका कारण सडक यस्तो अवस्थामा पुगेको आरोप लगाउदै स्थानीयले अबिलम्ब उक्त सडक खण्डको स्तरोन्नती गर्न मागँ गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८